# प्रभाव दैनिक
National Daily

पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल-७, काठमाडौं
०१-४३७३५७७, ९७६१८१५४००,
९८४११५१२१७, ९८४१२४६२६९
marketing2prabhab@gmail.com

वर्ष १२ | अंक १९५ | काठमाडौं | शनिबार, २९ कात्तिक २०८२ | Prabhab National Daily | Saturday, 15 November 2025 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-


सरकार र जेन-जी समूहबीच सम्झौता तयारी

## प्रधानमन्त्रीलाई बुझाइयो प्रस्तावित सम्झौताको मस्यौदा



■ प्रभाव संवाददाता

- जेन-जी आन्दोलनको जनादेश सम्बन्धमा आन्दोलनकारी र राज्यपक्षबीचको प्रस्तावित सम्झौतापत्रको सस्यौदा हस्तान्तरण
- संयुक्त मस्यौदा बुझाउनेमा जेन-जी मुभमेन्ट अलायन्स, काउन्सिल अफ जेन-जी, सात प्रदेशका संयोजकहरु र जेन-जी फ्रन्ट
- भदौ २३ देखि २५ सम्म भएका घटनाको निष्पक्ष छानबिन गर्नुपर्ने माग
- प्रत्यक्ष निर्वाचित कार्यकारी राष्ट्राध्यक्ष वा गणतन्त्रात्मक शासन व्यवस्थाका सम्बन्धमा देशभर बृहत् नागरिक छलफल चलाउने

**काठमाडौं–** विभिन्न जेन-जी समूहले संयुक्तरूपमा सम्झौतापत्रको मस्यौदा तयार पारी शुक्रबार प्रधानमन्त्री सुशीला कार्कीलाई बुझाएका छन्। जेन-जी मुभमेन्ट अलायन्स, काउन्सिल अफ जेन-जी, सात प्रदेशका संयोजकहरू र जेन-जी फ्रन्टले प्रधानमन्त्रीसमक्ष सम्झौतापत्रको मस्यौदा बुझाएका हुन्।

उनीहरूले शुक्रबार प्रधानमन्त्री कार्कीसँग भेट गरी एकीकृत जेन-जीको नेतृत्वमा भएको जेन-जी आन्दोलनको जनादेश सम्बन्धमा आन्दोलनकारी र राज्यपक्षबीचको प्रस्तावित सम्झौतापत्रको सस्यौदा हस्तान्तरण गरेको प्रधानमन्त्रीको सचिवालयले जानकारी दिएको छ।

उक्त पत्रमा जेन-जीका अगुवाहरू उपार्जुन चाम्लिङ, सामना लावती, रक्षा बम, साङकेन याम्फु राई, सुदन गुरुङ, पुरुषोत्तम यादव, खेमराज साउद, अफ्साना बानु, प्रदीप पाण्डे, आदित्य आचार्य, जनक चुँडाल पोखरेल, युजनराज भण्डारी, रिजन रानामगर, अमृता बन, लक्ष्मी घिमिरे, ऋतु खड्का, अजय कार्की, मोनिक निरौला, मनिषा खानाल, मनिषा चौधरी र शिव यादवको हस्ताक्षर रहेको छ।

मस्यौदामा भनिएको छ, 'भदौ २३ र २४ गतेको आन्दोलनका क्रममा मारिएका नागरिकलाई सहिद घोषणा गर्नुपर्छ, सहिद परिवार र घाइतेहरूको तत्काल राहत सुनिश्चित गर्नुपर्छ, घाइते र सहिद परिवारका समस्यामा दीर्घकालीन सम्बोधन गर्ने नीतिगत संरचना बनाउनुपर्छ, त्यसका लागि स्वतन्त्र आयोग गठन गर्नुपर्छ, जसमा सहिद परिवारको प्रत्यक्ष सहभागिता रहनुपर्छ।'

जेन-जी आन्दोलनका क्रममा तत्कालीन सरकारले गरेको क्रूर दमन, हिंसा र प्रहरी बर्बरताबाट जनसंहार गरिएका आन्दोलनकारी र सर्वसाधारणलाई सहिद घोषणा गर्नुपर्ने, भदौ २३ देखि २५ सम्म भएका घटनाको निष्पक्ष छानबिन गर्नुपर्ने, सरकारले गठन गरेको जाँचबुझ आयोगलाई शीघ्र र निष्पक्ष रूपमा काम गर्न निर्देशन गर्नुपर्ने जेन-जीको माग छ।

त्यस्तै, मन्त्रिपरिषद् र अन्य संयन्त्रमा महिला, दलित, आदिवासी, मधेसी, थारू, मुस्लिम, अपांगता भएका व्यक्ति, अल्पसंख्यक, विभिन्न लैंगिक पहिचान राख्ने समुदाय, किसान, श्रमिक तथा आर्थिकरूपमा विपन्न वर्गको समानुपातिक प्रतिनिधित्व सुनिश्चित गर्नुपर्ने पनि मस्यौदामा समावेश गरिएको छ। 'संक्रमणकालीन न्यायका सिद्धान्तअनुसार सत्य-निरूपण र मेलमिलापको प्रक्रिया अपनाउनुपर्छ, जेन-जी आन्दोलनसँग...

क्रमशः पृष्ठ २ मा

मतदाता बन्ने उत्साह

# एनआइडी जोडिएपछि दुई दिनमै थपिए आधा लाख मतदाता

- बिहीबारसम्ममा दुई लाख ५७ हजार ५०५ मतदाता थपिए
- जेन-जी विद्रोहयता मंगलबारसम्म दुई लाख नौ हजार ५५२ जना मतदाता थपिएका थिए
- जेन-जी अभियन्ताले निर्वाचन आयोगसँग मिलेर राष्ट्रिय परिचयपत्र (एनआइडी)को बायोमेट्रिक र आयोगको नामावली दर्ता प्रणालीसँग लिंक गर्न चार दिनसम्म गरेको परीक्षण सफल भएसँगै अनलाइनबाटै मतदाता नामावलीमा नाम दर्ता गर्न सम्भव
- यो प्रक्रिया सुरु भएसँगै आयोगको वेबसाइटमा प्रति १० सेकेण्ड आठ हजारभन्दा धेरै जनाले हिट गर्न थालेकोले चाप भएर समय-समयमा सर्भरमा समस्या आउन थालेकाले प्राविधिक समस्या समाधानमा लाग्दै आयोग



पश्चिम नवलपरासीको जिल्ला निर्वाचन कार्यालय परासीमा फोटोसहितको मतदाता नामावली दर्ता गर्न शुक्रबार लामबद्ध सेवाग्राही। *तस्बिरः रासस*

■ प्रभाव संवाददाता

**काठमाडौं–** राष्ट्रिय परिचयपत्र (एनआइडी) प्रयोग गरेर अनलाइनबाटै मतदाता नामावलीमा नाम दर्ता गर्न मिल्ने भएसँगै मतदाता नामावलीमा नाम दर्ता गर्नेको संख्या बढेको छ। एनआइडी भरेकाले अनलाइनबाटै मतदाता नामावलीमा नाम दर्ता गर्न मिल्ने भएसँगै पछिल्लो दुई दिनमा करिब ५० हजार मतदाता थपिएका हुन्।

विदेशमा बस्नेदेखि नेपालमै कार्यालयमा व्यस्त रहनेहरूले अनलाइनमार्फत नै उत्साहजनकरूपमा मतदाता नामावलीमा नाम दर्ता गर्न थालेका हुन्। बिहीबारसम्ममा दुई लाख ५७ हजार ५०५ नयाँ मतदाताले मतदाता नामावलीमा नाम दर्ता गराएको निर्वाचन आयोगले जानकारी दिएको छ।

'कात्तिक २७ गतेसम्म कूल दुई लाख ५७ हजार ५०५ नयाँ मतदाताहरूले मतदाता नामावलीमा नाम दर्त गराउनुभएको छ,' निर्वाचन आयोगका सहसचिव तथा प्रवक्ता नारायण भट्टराईले शुक्रबार जारी गरेको विज्ञप्तिमा उल्लेख छ। जेन-जी विद्रोहपछि २५ गतेसम्म दुई लाख नौ हजार ५५२ जना मतदाता थपिएका थिए।

बुधबार आयोगले गरेको निर्णयअनुसार बिहीबारदेखि यो सेवा सुरु भएको हो। शुक्रबार अझै धेरैले मतदाता नामावलीमा नाम भरेकाले यो संख्या अझै धेरै हुनसक्ने भण्डारी बताउँछन्।

क्रमशः पृष्ठ २ मा

### प्रधानमन्त्रीको आग्रहपछि पाँच दिन थपियो म्याद

मतदाता नामावलीमा नाम दर्ता गर्नेको उत्साह देखिएसँगै निर्वाचन आयोगले नाम दर्ता गर्ने समय पाँच दिन बढाएको छ। यसअघि आयोगले कात्तिक मसान्तसम्मका लागि नाम दर्ता खुला गरेको थियो।

राष्ट्रिय परिचयपत्र प्रयोग गरेर अनलाइनबाटै नाम दर्ता गर्न मिलेसँगै मतदाता नामावलीमा नाम दर्ता गर्नेको चाप बढेपछि पाँच दिन म्याद थप गरिएको हो। चापका कारण कतिपयले अनलाइनमार्फत नाम दर्ता गर्न नसकेपछि प्रधानमन्त्री सुशीला कार्कीले यसबारे चासो राखेकी थिइन्। यसैबारे प्रधानमन्त्री कार्कीले शुक्रबार निर्वाचन आयोगका कार्यवाहक प्रमुख निर्वाचन आयुक्त रामप्रसाद भण्डारीसँग छलफल गरी समय थप गर्न आग्रह गरेकी थिइन्।

क्रमशः पृष्ठ २ मा

सन्दर्भः वैदेशिक रोजगार

## आप्रवासी कामदारको संरक्षण गर्न सरकारलाई इक्विडेमको सुझाव

■ प्रभाव संवाददाता

**काठमाडौं–** इक्विडेम नामक संस्थाले वर्तमान परिस्थितिमा आप्रवासी कामदारहरूलाई संरक्षण र सशक्तीकरण गर्नका लागि सातबुँदे सिफारिस गरेको छ। अर्थतन्त्रको मेरुदण्डको रूपमा रहेका श्रमिकहरूको न्याय, मर्यादा र अधिकारका लागि सरकारले प्राथमिकतामा राख्नुपर्ने विषय संस्थाले औंल्याएको छ।

इक्विडेमले आप्रवासन कानुनहरूलाई बलियो बनाउन स्वतन्त्र निरीक्षण, तथ्यांकको पारदर्शिता र अनिवार्यतामा जोड दिइनुपर्ने जनाएको छ। त्यस्तै, सुशासनको प्राथमिकताको रूपमा रहेको निष्पक्ष भर्ती प्रक्रियालाई आत्मसात् गर्न भनेको छ। श्रमिकको भर्तीमा अधिकतम् शुल्क निर्धारण गर्ने, पटक-पटक बद्मासी गर्ने संस्थालाई कालोसूचीमा राख्ने, भर्ती एजेन्सीहरूको सार्वजनिक स्कोर कार्डहरू प्रकाशित गरेर शोषणयुक्त शुल्क र नियतको अन्त्य गर्न सुझाव दिएको छ।

उक्त संस्थाले स्वतन्त्रताको साथ अनुगमन र निरीक्षणलाई बलियो बनाउन पनि भनेको छ। यसका लागि स्वतन्त्र अनुगमन टोलीहरूलाई सशक्त बनाउन, राष्ट्रिय मानवअधिकार आयोगका सिफारिसहरू लागू गर्न र गलत क्रियाकलापकाविरुद्ध आवाज उठाउने व्यक्ति र अभियन्ताको सुरक्षा सुनिश्चितता गर्न आग्रह गरिएको छ।

आप्रवासीहरूका लागि कूटनीतिक संरक्षणको प्रत्याभूति दिलाउने विषयमा पुनरावलोकन गर्नुपर्ने इक्विडेमको दाबी छ। दूतावासहरूमा श्रम अधिकार डेस्क, दिनको २४सै घण्टा र हप्ताको सातै दिन बहुभाषी हेल्पलाइन र गन्तव्य देशमा भूमिगत निरीक्षकहरू उपलब्ध गराउन सुझाव दिएको छ।

भारतलगायत सीमापारि रहेका प्रवासीहरूको औपचारिक संरक्षण गर्नसमेत सरकारलाई इक्विडेमले अपिल गरेको छ। यस्ता मुलुकमा जानेहरूका लागि श्रम दर्ता प्रणाली स्थापना गर्ने, भारतीय अधिकारीहरूसँग पारस्परिक सुरक्षाका लागि वार्ता गर्ने र प्रत्येक वर्ष अनौपचारि करूपमा विदेसिने लाखौं नेपालीको सुरक्षाका लागि सीमा क्षेत्रमा अधिकार-चेतना अभियानहरू विस्तार गर्न पनि सरकारलाई अपिल गरेको छ।

संस्थाले शोषणात्मक पुनः आप्रवासन चक्र तोडेर पुनः एकीकरणलाई प्राथमिकता दिनुपर्ने पनि औंल्याएको छ। रिटर्नीहरूलाई व्यावसायिक तालिम, मनोसामाजिक हेरचाह र ऋणमा उचित पहुँचलगायतबाट सहायता प्रदान गर्न सुझाव दिइएको छ। संस्थाले आप्रवासन क्षेत्रमा न्याय र जवाफदेहिता सुनिश्चित गर्नुपर्ने उल्लेख गरेको छ। यसका लागि वैदेशिक रोजगार विभाग र वैदेशिक रोजगार न्यायाधिकरणजस्ता विद्यमान संस्थाहरूलाई सुदृढीकरण र पर्याप्त स्रोत साधन उपलब्ध गराई भर्ती दुरूपयोग, ज्याला ठगी, बेचबिखनजस्ता मुद्दाहरूमा छिटो न्याय प्रदान गर्न प्रेरित गर्न भनेको छ। हालको सरकारले यस्ता कार्य थालेको अवस्थामा वास्तविकतामा परिणत गर्न समय नलाग्ने विश्वास व्यक्त गरेको छ।

### रूट इण्डस्ट्रीतर्फको स्वास्थ्य परीक्षण हुँदै




**काठमाडौं (प्रस)–** कोरियाको रुट इण्डस्ट्रीतर्फ इपिएस भाषा परीक्षामा उत्तीर्ण भएकाहरूको स्वास्थ्य परीक्षण आगामी मंसिर ८ गते हुने भएको छ। वैदेशिक रोजगार विभागअन्तर्गतको इपिएस कोरिया शाखाले शुक्रबार एक सूचना जारी गर्दै उक्त विषय जानकारी गराएको हो। स्वास्थ्य परीक्षण टेकुस्थित शुक्रराज ट्रपिकल अस्पतालमा बिहान ७:०० बजे हुने सूचनामार्फत जनाइएको छ। परीक्षणका लागि सात हजार ३०० रूपैयाँ लाग्ने जनाइएको छ। स्वास्थ्य परीक्षण गराउन आउनेहरूले साथमा बोक्नुपर्ने विभिन्न कागजातहरू पनि सूचनामा उल्लेख गरिएको छ।

सोही सूचनामार्फत रोजगार आवेदन फाराम दर्ता गर्नसमेत भनेको छ। उत्तीर्ण भएकाहरूले यही मंसिर ११ गतेदेखि १४ गतेसम्म अनलाइनमार्फत आवेदन फाराम भरिसक्नुपर्ने जनाइएको छ। रुट इण्डस्ट्रीको भाषा परीक्षामा ५० जना पुरुष उत्तीर्ण भएका छन्। कोरियाले सन् २०२४ बाट नेपालीहरूलाई यस क्षेत्रमा लाग्न थालेको हो। उत्पादन क्षेत्रअन्तर्गत पर्ने यो क्षेत्रमा विशेषगरी धातुसँग सम्बन्धित काम हुन्छ। उच्च तापक्रममा फलामको काम गर्नुपर्ने भएकाले उत्पादन क्षेत्रका अन्य कामको तुलनामा रुट इण्डस्ट्रीको कामलाई जोखिमयुक्त मानिन्छ।

स्वास्थ्यमन्त्री डा. गौतमको दुईमहिने कार्ययोजना

## घाइते जेन-जीको उपचारदेखि श्रमिकको स्वास्थ्य सुधारसम्म

- मन्त्रालयबाट तत्काल एकदेखि दुई महिनाभित्र सेवालाई चाँडो बनाउने योजना
- जेन-जी घाइतेलाई सबै संघीय अस्पतालबाट मनोसामाजिक परामर्श सेवा सञ्चालन गर्ने
- नवजात शिशु मृत्युदर र मातृ मृत्युदर लक्षित विशेष अभियान सञ्चालन गरिने
- सुशासन र सेवा प्रवाह, स्वास्थ्य बिमा, सार्वजनिक खरिद तथा वैदेशिक श्रम गन्तव्य मुलुकमा जाने श्रमिकको स्वास्थ्य सुधार



■ प्रभाव संवाददाता

**काठमाडौं–** स्वास्थ्य तथा जनसंख्यामन्त्री डा. सुधा गौतमले दुईमहिने कार्ययोजना ल्याएकी छन्। मन्त्रालयबाट हुने सेवा प्रवाहलाई चाँडो गराउनका लागि उनले 'तत्काल स्वास्थ्य क्षेत्र सुधार कार्ययोजना'ल्याएकी हुन्।

मन्त्री डा. गौतमले मन्त्रालयबाट तत्काल एकदेखि दुई महिनाभित्र सेवालाई चाँडो बनाउन योजना ल्याएको मन्त्रालयका प्रवक्ता डा. प्रकाश बुढाथोकीले जानकारी दिए। उनका अनुसार मन्त्री डा. गौतमले जेन-जी घाइतेको उपचार तथा मनोसामाजिक परामर्श सेवा सहज, नवजात शिशु मृत्युदर र मातृ मृत्युदर लक्षित विशेष अभियान, सुशासन र सेवा प्रवाह, स्वास्थ्य बिमा सुधार, सार्वजनिक खरिद सुधारसम्बन्धी, वैदेशिक श्रम गन्तव्य मुलुकमा जाने श्रमिकको स्वास्थ्य सुधारलगायतका तत्काल स्वास्थ्य क्षेत्र सुधार कार्ययोजना ल्याएकी हुन्।

क्रमशः पृष्ठ २ मा

### 'जेन-जी' प्रदर्शनका घाइतेको वर्गीकरण

**काठमाडौं (प्रस)–** सरकारले 'जेन-जी' प्रदर्शनका क्रममा घाइते भएकालाई चार प्रकारमा वर्गीकरण गरेको छ। स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका प्रवक्ता डा. प्रकाश बुढाथोकीले प्रदर्शनका क्रममा घाइते भएकाको वर्गीकरण गर्न गठित प्राविधिक समितिले घाइतेलाई चार प्रकारमा विभाजन गरेको जानकारी दिए।

उनका अनुसार अति गम्भीर, गम्भीर, मध्यम र सामान्य गरी चार वर्गमा विभाजन गरिएको छ। सरकारले मन्त्रालयका गुणस्तर, मापन तथा नियमन विभागका प्रमुख डा. सरोज शर्माको संयोजकत्वमा १० सदस्यीय प्राविधिक समिति गठन गरेको थियो।

घाइतेमध्ये चोटपटकका आधारमा वर्गीकरण गरिएको छ। जसमा अति गम्भीरलाई २३, गम्भीरलाई २१, मध्यम घाइतेलाई २३ र सामान्य घाइतेलाई...

क्रमशः पृष्ठ २ मा

## पृष्ठ १ बाट क्रमश:

### एनआइडी...

नामावलीमा नाम दर्ता गर्न सहज भएसँग आउँदो दिनमा यो संख्या बढ्ने आशा आयोगले गरेको छ ।

#### कसरी भयो सम्भव ?

पछिल्लो समय मददाता नामावली दर्ता उत्साहजनक नदेखिएपछि जेन-जी समर्थकले राष्ट्रिय परिचयपत्र विभाग र निर्वाचन आयोगका प्राविधिकसँग पटक-पटक यसबारे छलफलमा रहेका थिए । त्यसक्रममा उनीहरूले एनआइडी र मतदाता नामावली संकलन प्रणालीमा पटक-पटक परीक्षण गरेर हेरेका थिए । उक्त परीक्षण बुधबार सफल भएसँगै यो काम सुरु भएको अभिनेतासमेत रहेका रवीन्द्रसिंह बानियाँले आफ्नो सामाजिक सञ्जाल फेसबुकमार्फत भनेका छन् । 'राति-रातिसम्म बसेर गरिएको हाम्रो प्रयासपछि मतदाता परिचयपत्र बनाउने क्रममा राष्ट्रिय परिचयपत्र भएकालाई बायोमेट्रिक नदिन पर्ने प्रणालीको परीक्षण हिजो सफलतापूर्वक सम्पन्न भयो,' बानियाँले भनेका छन् । यो प्रक्रिया सुरु भएसँगै निर्वाचन आयोगको वेबसाइटमा प्रति १० सेकेण्डमा आठ हजारभन्दा धेरै जनाले हिट गर्न थालेकोले धेरै चाप भएर समय-समयमा सर्भरमा समस्या आउने गरेको बानियाँले बताएका छन् ।

यो प्रक्रिया सफल भएसँगै पूर्वमन्त्री सुमना श्रेष्ठले आमनागरिक, विशेषगरी युवाहरूलाई आफ्नो स्मार्टफोन र ल्यापटप लिएर सडकमा निस्किई मतदाता नामावली दर्ता गर्न छुटेकाहरूलाई सहयोग गर्न आह्वान गरेकी छन् । 'धेरैभन्दा धेरै साथीहरू आफ्नो स्मार्टफोन, आफ्नो ल्यापटप लिएर अब सडकमा जाऔं । रेस्टुरेन्टमा काम गर्ने हाम्रा धेरै युवा साथीहरूको भोटर आइडी छैन । उहाँहरूलाई भोटर आइडी बनाउन सहजीकरण गर्दिऔं,' श्रेष्ठले भनेकी छन् ।

#### तोकिए तीन सहायक प्रवक्ता

आयोगले निर्वाचनको तयारीका सूचना र गतिविधिलाई प्राथमिकताका साथ सम्प्रेषण गर्न तीन जना सहायक प्रवक्ता तोकेको छ । आयोगले उपसचिवहरू प्रकाश न्यौपाने, कुलबहादुर जिसी र संगीता पुन श्रीसलाई सहायक प्रवक्ता तोकेको हो । आयोगले थप गरिएका तीन सहायक प्रवक्ताको विवरण आफ्नो वेबसाइटमा समावेश गरेको छ ।

आयोगका प्रवक्तामा सहसचिव नारायणप्रसाद भट्टराई छन् भने सूचना अधिकारीमा कम्प्युटर अधिकृत सुमन घिमिरेले कार्य गर्दै आएका छन् । विगतका निर्वाचनमा पनि सहायक प्रवक्ताहरू थपेर निर्वाचनका सूचना र गतिविधिलाई महत्व दिने आयोगको अभ्यास रहेको छ । प्रतिनिधिसभा सदस्यको निर्वाचन आगामी फागुन २१ र राष्ट्रियसभा सदस्यको १८ सदस्यको निर्वाचन आगामी माघ ११ गतेका लागि निर्धारण गरिएको छ ।

#### निर्वाचन तयारीबारे गृहमन्त्रीसँग छलफल

आगामी माघ ११ गते सम्पन्न हुने राष्ट्रिय सभा सदस्य निर्वाचन तथा फागुन २१ गते सम्पन्न हुने प्रतिनिधिसभा सदस्य निर्वाचनको पूर्वतयारीका सम्बन्धमा शुक्रबार निर्वाचन आयोगमा गृहमन्त्री ओमप्रकाश अर्यालसँग छलफल भएको छ । छलफलमा गृहमन्त्री अर्यालले निर्वाचन व्यवस्थापनको तयारीका सम्बन्धमा नेपाल सरकारको तर्फबाट उपलब्ध गराउनुपर्ने आवश्यक सम्पूर्ण स्रोत साधनको व्यवस्थाका साथै शान्ति, सुरक्षाको उचित प्रबन्ध मिलाइने प्रतिबद्धता जनाएका थिए ।

अर्यालले निर्धारित मितिमा स्वच्छ, स्वतन्त्र, निष्पक्ष र भयरहित वातावरणमा निर्वाचन सम्पन्न हुने विश्वास व्यक्त गरे । 'गृहमन्त्री अर्यालले निर्वाचनमा भरपर्दो शान्ति, सुरक्षाको व्यवस्था मिलाउन गृह मन्त्रालयले योजनाबद्धरूपमा काम गरिरहेको जानकारी गराउँदै आगामी दिनमा निर्वाचन व्यवस्थापनमा सुधार र सहजताका लागि नेपाल सरकारको तर्फबाट आवश्यक सहयोग र समन्वय गरिने प्रतिबद्धता व्यक्त गर्नुभयो,' आयोगले जारी गरेको विज्ञप्तिमा उल्लेख छ ।

कार्यक्रममा कार्यवाहक प्रमुख निर्वाचन आयुक्त भण्डारीले निर्वाचनको मिति घोषणा भएदेखि नै आयोगले योजनाबद्ध रूपमा निर्वाचनको पूर्वतयारीका कार्य गरिरहेको बताए । आयोगले राजनीतिक दल, नेपाल सरकारलगायत सबै सरोकारवालासँग छलफल तथा समन्वय गरिरहेको र सेवाग्राहीको आग्रह तथा मौजुदा कानुनी व्यवस्थाको सकारात्मक प्रयोग गरी सेवाग्राहीलाई प्रविधिमैत्री सेवा प्रवाह गरिरहेको बताए ।

■■■

### प्रधानमन्त्रीको...

सोहीअनुसार पाँच दिन म्याद थप गरिएको भण्डारीले बताए ।

'पछिल्लो समयमा मतदाता नामावलीमा नाम दर्ता तथा अद्यावधिक कार्यमा देखिएको उत्साहजनक सहभागितालाई मध्यनजर गरी नागरिकहरूको सहजता र सुविधाका लागि आयोगको कात्तिक २८ को निर्णयअनुसार मतदाता नामावलीमा नाम दर्ता गर्ने अवधि मंसिर ५ सम्मका लागि थप गर्ने निर्णय गरिएको छ,' आयोगको विज्ञप्तिमा भनिएको छ ।

शनिबार राष्ट्रिय परिचयपत्र नम्बर भएका सेवाग्राहीले नयाँ वेबपेजमार्फत पनि आवेदन गर्न सकिने आयोगले जनाएको छ । आयोगले पहिले नै आवेदन पेस गरिसकेका नागरिकहरूलाई सम्बन्धित निर्वाचन कार्यालयमा गई बायोमेट्रिक दिनेगरी शनिबारसमेत कार्यालय सञ्चालनमा रहने आयोगले जानकारी दिएको छ ।

■■■

### प्रधानमन्त्रीलाई...

सम्बन्धित जघन्य अपराधबाहेकका अन्य मुद्दामा पक्राउ परेका थुनुवा तत्काल थुनामुक्त गर्नुपर्छ,' मस्यौदामा उल्लेख छ । जेन-जी समूहहरूले सर्वसाधारण नागरिकको डिजिटल तथ्यांकमाथि राज्य वा तेस्रो पक्षको गैरकानुनी निगरानी तथा दुरूपयोग हुन नदिन प्रतिबद्धता व्यक्त गर्दै कानुनी, भौतिक र प्राविधिक सुधार गर्ने र पूर्वाधार व्यवस्था गर्न माग गरेको छ । ती समूहहरूले प्रत्यक्ष निर्वाचित कार्यकारी राष्ट्राध्यक्ष वा गणतन्त्रात्मक शासन व्यवस्थाका सम्बन्धमा देशभर बृहत् नागरिक छलफल गर्ने जनाएका छन् ।

■■■

### घाइते...

उक्त योजनाअनुसार दुई महिना सञ्चालन गरेर शिशु मृत्युदर र मातृ मृत्युदर उच्च भएका प्रदेश तथा स्थानीय तहमा मृत्युदर रोकथाम तथा न्यूनीकरणका लागि तीन तहका सरकारको समन्वय तथा सहकार्यमा विशेष कार्यक्रम सञ्चालन गर्ने रहेको छ । जेन-जी घाइतेलाई सबै संघीय अस्पतालबाट मनोसामाजिक परामर्श सेवा सञ्चालन गर्ने योजनामा उल्लेख गरिएको छ ।

मन्त्री डा. गौतमले दुई महिनाभित्रमा संघीय अस्पताल एवं स्वास्थ्य विज्ञान प्रतिष्ठानको सेवालाई नागरिकमैत्री बनाउँदै दुई सिफ्टमा बहिरंग सेवा सञ्चालन गर्ने योजना ल्याएको मन्त्रालयका प्रवक्ता डा. बुढाथोकीले जानकारी दिए । यस्तै योजनाअनुसार निर्माण भई हस्तान्तरण भएका पाँच, १० र १५ शयचाका आधारभूत अस्पताल सञ्चालनका लागि अनुदान उपलब्ध गराउन कार्यविधि स्वीकृत गर्ने उल्लेख छ ।

स्वास्थ्य बिमा कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि तत्काल द्रुत माध्यमबाट स्वास्थ्य बिमा बोर्डको संगठन संरचना तथा दरबन्दी स्वीकृत गर्ने, एक महिनाभित्र अस्पतालमा रहेका औजार उपकरणको नियमित मर्मतसम्भार गरी अविच्छिन्न सेवा प्रवाहको व्यवस्था मिलाउने योजनामा उल्लेख छ ।

यस्तै वैदेशिक श्रमका लागि गन्तव्य मुलुकमा जाने नेपाली नागरिकको स्वास्थ्य हेरचाहका लागि प्रस्थानबिन्दु त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा 'हेल्थ डेस्क'बाट श्रम स्वास्थ्य सुरक्षासम्बन्धी अभिमुखीकरण सञ्चालन गर्ने योजनामा उल्लेख गरिएको छ ।

■■■

### जेन-जी...

११ प्रकारका चोटपटक लागेका आधारमा छुटयाइएको मन्त्रालयले जनाएको छ । वर्गीकरणअनुसार घाइतेलाई परिचयपत्र उपलब्ध गराइने छ । सरकारले सबै जिल्ला प्रशासन कार्यालयलाई परिपत्र गर्दै प्रदर्शनका क्रममा घाइते भएकाहरूको वर्गीकरणको काम सक्न निर्देशन दिइसकेको छ ।

गत भदौ २३ र २४ गते भएको जेन-जी प्रदर्शनका क्रममा दुई हजार ५७२ जना घाइते भएको मन्त्रालयका प्रवक्ता डा. बुढाथोकीले जानकारी दिए । तीमध्ये ११ जना अस्पतालमा उपचाररत छन् ।

# सुशासनका लागि सूचनाको हक कार्यान्वयनमा जोड



**ललितपुर (प्रस)–** सूचनाको हक प्रभावकारीरूपमा कार्यान्वयन गर्नुपर्नेमा सरोकारवालाहरूले जोड दिएका छन् । यसलाई शासन प्रणाली सुदृढ गर्ने प्रमुख औजारको रूपमा अघि बढाउनुपर्ने उनीहरूको भनाइ छ ।

नेपाल पत्रकार महासंघ ललितपुर शाखाले बागमती गाउँपालिका वडा नम्बर २ सँग सहकार्य गरी शुक्रबार ललितपुरमा आयोजना गरेको 'सूचनाको हक प्रवर्द्धन तथा पत्रकार महासंघको भूमिका' विषयक अन्तरक्रिया कार्यक्रमका वक्ताहरूले उक्त धारणा राखेका हुन् ।

महासंघका केन्द्रीय उपाध्यक्ष तथा सूचनाको हकका लागि राष्ट्रिय महासंघका अध्यक्ष उमीदप्रसाद बागचन्दले सूचनाको हकले व्यक्ति र समाजमा सही चेतना विकास गराउने बताए । गलत व्याख्या, भ्रम र अपप्रचार चिर्न सूचनाको हक अत्यन्तै सशक्त माध्यम भएको उनको भनाइ छ । 'सूचनाको हकले कसले कस्तो काम गऱ्यो भन्ने तथ्य सार्वजनिक गराएर नागरिकमा जागरूकता र निगरानी क्षमता बढाइदिन्छ,' बागचन्दले भने ।

ललितपुरकी सहायक प्रमुख जिल्ला अधिकारी गीता घिमिरेले पछिल्ला वर्षहरूमा सूचनाको हक प्रवर्द्धनमा पत्रकारको भूमिका उल्लेखनीय रहेको बताइन् । जेन-जी आन्दोलनको मुख्य मर्म नै सुशासन र पारदर्शिता भएको उनले उल्लेख गरिन् । 'नागरिकले पाउनुपर्ने सूचना उपलब्ध गराउन सूचना अधिकारी र पत्रकार महासंघको सहकार्य महत्त्वपूर्ण रहृयो, हरेक सूचना प्रमाणित र पुष्ट गरेर मात्र प्रसारण गर्ने पत्रकारिताको अभ्यासले समाजमा सकारात्मक प्रभाव पारेको छ,' उनले भनिन् ।

वडा नम्बर २ का अध्यक्ष रामबहादुर भोलुन तामाङले सूचनाको हकले स्थानीय तहलाई जवाफदेही बनाउने बताए । अपारदर्शिता र कमजोर निगरानीका कारण विकासको गति प्रभावित हुने भएकाले सूचनाको हकलाई प्राथमिकतामा राख्नैपर्ने उनको भनाइ थियो ।

महासंघ उपत्यका प्रदेशका अध्यक्ष टेनिस रोकाले सूचनाको हक प्रेस स्वतन्त्रता, नागरिक अधिकार र राज्य पारदर्शितालाई जोड्ने अटुट कडी भएको बताए । महासंघ ललितपुर शाखाका अध्यक्ष रामहरि कार्कीले वर्तमान समयलाई सूचनाको युगका रूपमा परिभाषित गरे ।


## लिक्विडेटर कार्यालयको हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७६/०४/०५ मा दर्ता भएको **प्रा.लि. नं. २१९१२८/०७६/०७६** को **एक्स आर्मी मल्टिपर्पोज प्रा.लि.** को मिति २०८२/०७/२८ गतेमा सम्पन्न विशेष बैठकको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।

**लिक्विडेटर: श्रवण कुमार श्रेष्ठ, इजाजत पत्र नं. ४०४**
**ठेगाना :त्रिपुरेश्वर, काठमाडौं, फोन नं. ९८५१२१७००४**

## कर्मचारी हटाईएको सम्बन्धी सूचना

यस **Chandra Kamana Manpower Pvt. Ltd.** (ई.प.नं. १४०५/०७४/७५) मा कार्यरत **बसन्त बुढाथोकी** (**ना.प्र.प्र.नं**: ३८४३) लाई आजको मितिबाट यस प्रा.लि. बाट हटाइएको हुनाले निजसँग यस प्रा.लि. सँग सम्बन्धित आर्थिक तथा अन्य कुनै पनि कारोबार नगर्नु नगराउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । यदि निजसँग वैदेशिक रोजगारसँग सम्बन्धित कुनै आर्थिक लेना देना भएमा यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र यस प्रा.लि. मा सम्पर्क गर्न आउनुहोला अन्यथा कानून बमोजिम भै जाने व्यहोरा अनुरोध छ ।

Govt. License No. 1405/074/75
CHANDRA KAMANA MANPOWER PVT.LTD. (A.D. CAREERS PVT.LTD.)
Ratopul, Gauhala, Kathmandu, Nepal, Contact: +977-01-4542876, 4538339, 9813013135/ 9851083561/9802358807/ 9802358802, E-mail : chandrakamna05@gmail.com, Web: www.chandrakamanamanpower.com

## वन पैदावार बोलपत्रद्वारा लिलाम बिक्री सम्बन्धी सूचना

**प्रथम पटक सूचना प्रकाशन मिति: २०८२/७/२९**

यस सामुदायिक वन उपभोक्ता समूहको वन क्षेत्रबाट स्वीकृत वन कार्ययोजना बमोजिम आ.व.२०८१/०८२ मा उत्पादन भई घाटगद्दीमा लट बनाई राखिएको साल र असना जातको गोलिया थान १६६ को १९८८.२९ घनफिट काठ र साल जातको दाउरा ४.०० चट्टा जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्रि गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । प्रचलित कानून बमोजिम उद्योगको रूपमा दर्ता तथा नविकरण भएको, वन नियमावली २०७९ को नियम १२८ बमोजिम सूचीकृत तथा अद्यावधिक भएको उद्योगले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र सिलबन्दी बोलपत्र खरिद गरी दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धी बिस्तृत जानकारीको लागि यस समूहको कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ । पुर्ण ब्यहोराको सूचना यस समूहको कार्यालयको सूचना पाटीमा टांस गरिएको छ ।

**टुँडिखेल सामुदायिक वन उपभोक्ता समूह**
**बागमती - ३, मकवानपुर**

## शिलबन्दी दरभाउ पत्र प्रक्रियाबाट वन पैदावार बिक्रीको सूचना

**पहिलो पटक सूचना प्रकाशन मिति २०८२/०७/२९**

यस सामुदायिक वन उपभोक्ता समूहको स्वीकृत वन व्यवस्थापन कार्ययोजना अनुसार डिभिजन वन कार्यालय, बाँकेको च.नं. २९०९ मिति २०८१/१२/०६ को वन पैदावार संकलन सहमती बमोजिम उत्पादित काठ र दाउरा मध्ये समुहमा आन्तरिक खपत भइ बाँकी रहेका गोलिया काठ तथा दाउरालाइ डिभिजन वन कार्यालय बाँकेको च.नं. ८७५ मिति २०८२/०६/२९ गतेको बाह्य लिलाम सहमति बमोजिम समुहको घाटगद्दीमा रहेका साल, असना, कर्मा, जामुन, खयर लगायत अन्य जातका गोलिया थान २००४ को ८३०.५० क्यू.फिट काठ र साल लगायत अन्य जातको दाउरा २.५ चट्टा हाल जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाइ लैजानुपर्ने गरी लिलाम विक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । इच्छुक वन पैदावारको लिलाम विक्री प्रक्रियामा भाग लिनको लागि डिभिजन वन कार्यालयमा सुचिकृत भएका ससमिल वा कम्पनीले यो पहिलो पटक सुचना प्रकाशित भएको मितिले २१ (एक्काइस) दिन भित्र प्रत्येक लटको छुट्टा छुट्टै शिलबन्दी बोलपत्र खरिद गरी २२ औं दिनको दिँउसो १२:३० बजे भित्र दाखिला गर्न आव्हान गरिन्छ। यस सम्बन्धी बिस्तृत जानकारीको लागि यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ । पुर्ण व्यहोराको सूचना यस सामुदायिक वन उपभोक्ता समुहको कार्यालयको सूचना पाटिमा टाँस गरिएको छ ।

**श्री वनदेवी सामुदायिक वन उपभोक्ता समूह**
**राप्तीसोनारी २ र ८, बाँके**

## कम्पनीको नाम परिर्वतन सम्बन्धी सूचना

**पहिलो पटक प्रकाशित मिति : २०८२/०७/२९ गते**

यस कम्पनीको मिति २०८२/०७/१५ को साधारणसभा/विशेष साधारणसभाको निर्णय बमोजिम साविक कम्पनी **कर्मकाण्ड ऐप प्रा.लि.** को नाममा रहेको सम्पूर्ण चलअचल, सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने सम्पूर्ण कर दायित्व आदि नाम परिवर्तित कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०८२/०६/०९ गतेको निर्णय अनुसार नाम परिवर्तन गरी **कर्मकाण्ड इन्टरप्राइजेज प्रा.लि.(प्रा.लि.नं. ३६२४४८)** कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराइन्छ ।

## पथिक प्राज्ञ निगम प्राइभेट लिमिटेड आ.व. २०८१/०८२ को वार्षिक साधारण सभा सम्बन्धी सूचना

सूचना प्रकाशित मिति : २०८२/०७/२९

मिति २०८२।०७।२५ गते बसेको यस पथिक प्राज्ञ निगम प्रा.लि. को सञ्चालक समितिको बैठकले निर्णय गरे अनुसार यस कमपनीको आ.व. २०८१/०८२ को वार्षिक साधारण सभा निम्न लिखित मिति, समय र स्थानमा निम्न विषय उपर छलफल तथा निर्णयहरू गर्नको लागि बस्ने भएको हुँदा शेयरधनी महानुभावहरूको सहभागिताको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**सभा हुने मिति समय र स्थान**
सभा हुने मिति २०८२ साल मंसिर २० गते शनिवार
सभा हुने समय: दिउँसो १:३० बजे
स्थान: वर्ल्डट्रेड सेन्टर, त्रिपुरेश्वर, का.म.न.पा. वडा नं. ११, काठमाडौं जिल्ला ।

**छलफलको विषय:**
१. कम्पनीको आर्थिक वर्ष २०८१/०८२ को सञ्चालक समितिको प्रतिवेदन उपर छलफल गरि पारित गर्ने ।
२. कम्पनीको आर्थिक वर्ष २०८१/०८२ को लेखा परिक्षण प्रतिवेदन विवरण उपर छलफल गरि अनुमोदन गर्ने ।
३. आर्थिक वर्ष २०८२/०८३ को लागि लेखा परिक्षक नियुक्त गर्ने सम्बन्धमा ।
४. विविध

**देवभक्त महर्जन**
**सञ्चालक अध्यक्ष**

## तेश्रो वार्षिक साधारण सभा सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति: २०८२/०७/२९

आदरणिय सेयरधनी महानुभावहरु,

**मुक्तिनाथ कृषि कम्पनी लि.**को सहायक कम्पनीको रुपमा दर्ता भएको **मुक्तिनाथ ट्रेडिङ लि.** को मिति २०८२ कार्तिक २७ गते सम्पन्न संचालक समितिको बैठकको निर्णय अनुसार तेश्रो वार्षिक साधारण सभा निम्न मिति, समय र स्थानमा, देहायका विषय उपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा सेयरधनिको जानकारी एवं उपस्थितिका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**सभा हुने मिति, समय र स्थान :**
**मिति :** २०८२ मंसिर २२ गते, (तदनुसार डिसेम्बर ०८, २०२५ )
**समय :** दिनको १:०० बजे
**स्थान :** मुक्तिनाथ कृषि कम्पनीको कार्यालय, बसुन्धरा, काठमाडौं ।

**छलफलका विषयहरु :**

**(क) सामान्य प्रस्तावहरु :**
१. संचालक समितिको तर्फबाट अध्यक्षज्यूको आ.व. २०८१/०८२ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।
२. लेखापरीक्षकको प्रतिवेदन सहित आ.व. २०८१/०८२ आषाढ मसान्तको वासलात, नाफा नोक्सान हिसाब, नगद प्रवाह लगायतका विवरणहरु पारित गर्ने ।
३. आ.व.२०८१/०८२ को लागि लेखापरीक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।
४. अध्यक्ष र संचालकहरुको बैठक भत्ता निर्धारण गर्ने ।

**(ख) विशेष प्रस्तावहरु:**
१. कम्पनीको प्रबन्धपत्र र नियमावलिका प्रस्तावित बुँदाहरुमा संसोधन गर्ने तथा संसोधन गर्ने सम्बन्धमा नियमनकारी निकायबाट निर्देशन भएमा थपघट, परिमार्जन, संसोधन तथा सच्याउनको लागि संचालक समितिलाई अख्तियारी दिने प्रस्ताव पारित गर्ने ।

**(ग) विविध ।**

**आज्ञाले,**
तुलसीराम ढकाल
अध्यक्ष

मुक्तिनाथ ट्रेडिङ लि.
MUKTINATH TRADING LTD.
A Subsidiary Company of Muktinath Krishi Company Ltd.
बसुन्धरा चक्रपथ, काठमाडौं, **सम्पर्क नं :** ०१-४९५००९७
**इमेल:** info@muktinathkrishi.com
**वेबसाइट:** www.muktinathkrishi.com
"समृद्धिको आधार कृषि, कृषिको आधार प्रविधि"

## मलेसियामा रोजगार

कम्पनी : Starforce Dynamic Sdn. Bhd.

पूर्व स्वीकृति मिति : २०८२/०७/२८ | LT. No. 333728 | चलानी नं.६०२४७४१५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 100 | 0 | 1700 | ५८,४०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ मंसिर ८/९/१० गते (24/25/26 Nov. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt. License 1657/080/81
AL ZAHRA HUMAN RESOURCES CONSULTANCY PRIVATE LIMITED
New Baneshwor-10, Thapagaun, Kathmandu, Landline No : 01-4586367, 4586366,
Mob: 9810003423/970-4414954, E-mail : alzahranepal@gmail.com, URL : www.alzahrahr.com

## साउदीमा रोजगार

कम्पनी : SINOPEC ENGINEERING GROUP SAUDI CO.,LTD

पूर्व स्वीकृति मिति : २०८१/०८/१७ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/०७/२८ | LT. No. 314825 | चलानी नं. ६०२२९०९६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Sacffolder | 12 | 0 | 1500 | ५६,७१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Carpenter | 9 | 0 | 1500 | ५६,७१५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ मंसिर ६ गते (22nd Nov. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,000/- | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम इजाजत नं ९५७/०६७/०६८
All Skills International Human Resource Pvt.ltd.
Maharajganj-03, Basundhara, Kathmandu, Nepal, Tel +977-1-4989541-4989542
E-Mail : allskillsintl@gmail,com, allskillskishor@gmail.com, Website : www.allskillsintl.com

## साउदीमा रोजगार

कम्पनी : NAS MANPOWER SOLUTIONS CO...

पूर्व स्वीकृति मिति : २०८२/०७/२१ | LT. No. 333504 | चलानी नं. ६०२४७३३५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Food and Beverage Counter Worker | 25 | 0 | 1500 | ५६,७१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ मंसिर ६ देखि १५ गते (22nd Nov. to 1st Dec 2025) सम्म हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt. License 771/065/066
ASMITA INTERNATIONAL OVERSEAS P. LTD.
Panchakanya Marga -08, Kathmandu, Nepal, Tel: 01-4562547, E-mail : asmitainternational2013@gmail.com

## युएइमा रोजगार

कम्पनी : EXODUS SKY RISE TECHNICAL SERVICES L.L.C

पूर्व स्वीकृति मिति : २०८२/०७/२८ | LT. No. 333703 | चलानी नं. ६०२४७३९९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Assistant Carpenter | 20 | 0 | 1200 | ४६,३३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Asst. Steel Fixer | 20 | 0 | 1200 | ४६,३३० | | | | | | | |
| 3 | Concrete Mason Assistant | 20 | 0 | 1200 | ४६,३३० | | | | | | | |
| 4 | Labour | 12 | 0 | 1000 | ३८,६०५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ मंसिर ६ गते (22nd Nov. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

CENTRAL CAPITAL SERVICES PVT.LTD. श्रम इजाजत नं. ५७४/०६२/०६३
P.O.Box : 6407, Airport, Sinamangal, Kathmandu, Nepal. Tel : +977-1-4579491/4579492
Fax : +977-1-4479492, E-mail : info@centralcapitalservices.com, Web : www.centralcapitalservices.com

## साउदी/कुवेतमा रोजगार

कम्पनी : Service Companion Private Limited

पूर्व स्वीकृति मिति : २०८२/०७/२८ | LT. No. 333696 | चलानी नं. ६०२४७४२३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Office Cleaner | 8 | 0 | 1500 | ५६,७१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : Khalid Ali AlKharafi & Bros Co. for Construction & Contracting K.S.C.C

पूर्व स्वीकृति मिति : २०८१/१०/२४ | पुन: विज्ञापन स्वीकृति मिति : २०८२/०७/२८ | LT. No. 318229 | चलानी नं. ६०२३२५६२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cnc router machine operator | 2 | 0 | 180 | ८३,२३२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Driver | 3 | 0 | 180 | ८३,२३२ | | | | | | | |
| 3 | Erector | 15 | 0 | 140 | ६४,७३६ | | | | | | | |
| 4 | Fabricator | 20 | 0 | 140 | ६४,७३६ | | | | | | | |
| 5 | Facbrication Foreman | 4 | 0 | 280 | १२९,४७२ | | | | | | | |
| 6 | Labour | 15 | 0 | 95 | ४३,९२८ | | | | | | | |
| 7 | Land Seveyor | 3 | 0 | 500 | २३१,२०१ | | | | | | | |
| 8 | Safety Officer | 3 | 0 | 380 | १७५,७१२ | | | | | | | |
| 9 | Steel Fitter | 20 | 0 | 140 | ६४,७३६ | | | | | | | |
| 10 | WELDER | 15 | 0 | 110 | ५०,८६४ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ मंसिर ६ गते (22nd Nov. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt. License No. 1613/079/080
EXPRESS RECRUITER NEPAL PVT. LTD
Dhumbarahi-4, Kathmandu, Nepal, Ph. No: +977-01-5916897,5917897, E-mail : expressrecruiternepal.com, expressrecruiter.nepal@gmail.com

## मोटरसाइकल हरायो

श्रीमती सुष्मा रानाको नाममा रहेको निम्न व्योहोरा रहेको मोटरसाइकल मिति २०८२/०७/०३ गते का.जि. तारकेश्वर न.पा.-१०, मनमैजुमा पार्किङ्ग गरी राखेको ठाउँबाट रातको ८:०० बजे तिर हराएकोले पाउनुहुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा सम्पर्क गरिदिनुहोला ।

**प्रकार:** Classic Enfield 350 CC
**बाई नं.:** BA PRA 02, 058 PA 0184
**चेसिस नं.:** ME3J3C5FDSN000600
**इन्जिन नं.:** J3A5FDS2042786
**रङ्ग:** BLACK
**सम्पर्क:** 9820084323

# हालसम्मको कार्यप्रगतिमा प्रधानमन्त्री असन्तुष्ट

## कामको गति अझ बढाउन निर्देशन

■ प्रभाव संवाददाता



**काठमाडौं–** प्रधानमन्त्री सुशीला कार्कीले जेन-जी आन्दोलनको मर्मअनुसार काम नभएको भन्दै मन्त्री तथा सचिवहरूसँग असन्तुष्टि प्रकट गरेकी छन् । प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा शुक्रबार आर्थिक वर्ष २०८२/८३ को नीति तथा कार्यक्रम र बजेटको कार्ययोजना कार्यान्वयनको समीक्षा बैठकलाई सम्बोधन गर्दै उनले हालसम्मको कार्यप्रगति सन्तोषजनक नभएको बताएकी हुन् ।

प्रधानमन्त्री कार्कीले पछिल्लो राजनीतिक परिवर्तन र नयाँ पुस्ताको भावनाअनुसार कार्यशैली परिवर्तन गरी कामको गति अझ बढाउन निर्देशन दिएको उनको सचिवालयले जानकारी दिएको छ । 'आमजनताको असन्तुष्टि व्यक्त हुनुको प्रमुख कारण देशमा व्याप्त विभिन्न प्रकारको भ्रष्टाचार र देशको विकासमा देखिएको गतिहीनता र सुस्तता नै हो,' प्रधानमन्त्री कार्कीले भनिन्, 'सरकारी संयन्त्रमा रहेको अनियमितता र भ्रष्टाचार नियन्त्रणका लागि माननीय मन्त्रीहरू र सचिवहरूलगायत प्रशासनिक नेतृत्वको अहम् भूमिका हुन्छ । आफू स्वच्छ रहन र आफ्नो निकायमा स्वच्छता प्रवर्द्धन गर्न जिम्मेवार भएर लाग्न म यहाँहरूलाई निर्देश गर्न चाहन्छु ।'

उनले गत भदौ २३ र २४ गतेको जेन-जी पुस्ताको प्रर्दशनबाट सिर्जित असामान्य परिवेश, मनसुनजन्य विपद् र चाडपर्वका लामा सार्वजनिक बिदाजस्ता विविध कारणका बाबजुद केही न केही काम भएकामा सबैलाई धन्यवाद व्यक्त गरिन् । 'म यहाँहरू सबैलाई धन्यवाद दिन चाहन्छु, मन्त्रालयहरूबाट सम्पादित कार्यहरूको प्रगतिको समीक्षा गर्ने कार्य केवल प्रशासनिक प्रक्रियामात्र होइन, यो जवाफदेहिताको एक उत्तम अभ्यास हो,' प्रधानमन्त्री कार्कीले भनिन्, 'यस प्रकारको अभ्यासबाट सरकारको काम र त्यसप्रति जनताको विश्वास र आस्थाको अभिवृद्धि गर्ने अवसर हो ।'

सरकारले आफ्नो प्रशासनिक प्रक्रिया सञ्चालन गरिरहने तर त्यसबाट जनताको आकांक्षा सम्बोधन नहुने, सार्वजनिक हितका लागि सरकारी स्रोतसाधन परिचालन भइरहेको उनको भनाइ छ । 'जनताले महसुस गर्न तथा गराउन नसकेका कारण आमनागरिक र विशेषगरी नवयुवा पुस्ताको आक्रोश विध्वंसात्मकरूपमा विष्फोट भएको हामी सबैले प्रत्यक्ष रूपमा देखेका छौं, यसबाट समग्र सरकारी संयन्त्रले गहिरो पाठ सिक्नुपर्ने देखिएको छ,' उनले भनिन् ।

उनले मन्त्री र सचिवलगायत सबै जिम्मेवार अधिकारीहरूलाई जनताको अपेक्षा सम्बोधन हुनेगरी काम गर्न, आफ्ना मातहतका निकायहरूलाई प्रभावकारीरूपमा परिचालन गरी जनतालाई परिवर्तन र सुधारको महसुस हुनेगरी नतिजा निकाल्न आह्वान गरिन् ।

भदौ २३ र २४ गतेको प्रदर्शनको क्रममा क्षति हुन पुगेका सार्वजनिक संरचनाको पुनर्निर्माण र मर्मत, सार्वजनिक सेवा सञ्चालन, निर्वाचन खर्च व्यवस्थापन, आर्थिक पुनरूत्थान र राहतसमेतका लागि आयोजनाको पुनः प्राथमिकीकरण, अनुत्पादक खर्च कटौती र मितव्ययिता कायम गर्ने सम्बन्धमा नेपाल सरकार, मन्त्रिपरिषद्को २०८२ असोज ५ गतेको बैठकको निर्णयअनुसार सबै मन्त्रालय तथा निकायहरूबाट वार्षिक कार्ययोजना संशोधन हुने क्रममा रहेको प्रधानमन्त्री कार्कीले जानकारी दिइन् ।

# कुमारीघरको छानो जीर्णोद्धार गर्न एक करोड २५ लाख लाग्ने

■ प्रभाव संवाददाता



**काठमाडौं–** काठमाडौं महानगरपालिकाले कुमारीवहाल (कुमारीघर) को छानो जीर्णोद्धार गर्न एक करोड २५ लाख ४७ हजार रूपैयाँ लागत अनुमान गरेको छ ।

आर्थिक वर्ष २०८२/८३ को दररेट राखेर गणना गर्दा झिंगटी, पर्खाल, काठलगायतका छानासँग सम्बन्धित अवयवहरूको जीर्णोद्धार गर्न यो लागत आएको कामपाले जानकारी दिएको छ । कुमारीघरको छानो चुहिने भएपछि यसको प्राविधिक पक्षको अध्ययन गर्न गठित समितिले दिएको प्रतिवेदन कार्यान्वयन गर्न बिहीबार कामपाकी उपप्रमुख सुनिता डंगोलको अध्यक्षतामा साझेदार कार्यालयका अधिकारीहरूबीच बसेको बैठकमा लागत अनुमानका विषयमा जानकारी दिइएको हो ।

कुमारीघर जीर्णोद्धारको प्राविधिक, सामाजिक तथा अन्य पक्षका विषयमा सरोकारवालाबाट प्रतिक्रिया लिएपछि उपप्रमुख डंगोलले, मौसम प्रतिकूलता हुनुअघि कुमारीघरको छानो जीर्णोद्धार गरिसक्नुपर्नेमा जोड दिँदै जीर्णोद्धारको प्रक्रिया तत्काल अगाडि बढाउन हनुमानढोका दरबार संरक्षण कार्यक्रमलाई निर्देशन दिएकी छन् । बर्खायाममा कुमारीघरको छानो चुहिने भएपछि जीर्णोद्धारको अध्ययन गर्न गत साउन २० गते समिति गठन भएको थियो ।

समितिको संयोजकमा पुरातत्त्व विभागका पुरातत्त्वविज्ञ पुरुषोत्तम डंगोल थिए । सदस्यहरूमा विभागका इञ्जिनियर रोशन डंगोल, हनुमानढोका हेरचाह अड्डाका प्रमुख काजीमान प्याकुरेल, गुठी संस्थानका इञ्जिनियर भीमप्रसाद अधिकारी र कामपाको हनुमानढोका दरबार संरक्षण कार्यक्रमका आर्किटेक्ट अमित बज्राचार्य थिए ।

अध्ययन समितिले दिएको प्रतिवेदनअनुसार कुमारीघरका नामले चिनिने कुमारीवहालको तीनै तलाको पर्खालमा चिरा परेको छ । केही धाम र मेथहरूले ठाउँ छोड्ने अवस्था छ । कतिपय दलिन कीराले खाएर स-साना प्वाल पारेको छ । ठाउँठाउँका काठ मक्किएको अवस्था छ । दोस्रो तलामा सिसाले छोपेर राखिएको भित्तेचित्र जोगाउनुपर्ने अवस्थामा छ ।


## तेश्रो वार्षिक साधारण सभा सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मितिः २०८२/०७/२९

आदरणिय शेयरधनी महानुभावहरु,

**मुक्तिनाथ कृषि कम्पनी लि.**को सहायक कम्पनीको रुपमा दर्ता भएको **मुक्तिनाथ एग्रो मेशिनरी कम्पनी लि.**को मिति २०८२ कार्तिक २७ गते सम्पन्न संचालक समितिको बैठकको निर्णय अनुसार तेश्रो वार्षिक साधारण सभा निम्न मिति, समय र स्थानमा, देहायका विषय उपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा सेयरधनिको जानकारी एवं उपस्थितिका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**सभा हुने मिति, समय र स्थान :**
**मिति :** २०८२ मंसिर २२ गते, (तदनुसार डिसेम्बर ०८, २०२५)
**समय :** दिनको २:०० बजे
**स्थान :** मुक्तिनाथ कृषि कम्पनीको कार्यालय, बसुन्धरा, काठमाडौं ।

**छलफलका विषयहरु :**

**(क) सामान्य प्रस्तावहरु :**
१. संचालक समितिको तर्फबाट अध्यक्षज्यूको आ.व. २०८१/०८२ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।
२. लेखापरीक्षकको प्रतिवेदन सहित आ.व. २०८१/०८२ आषाढ मसान्तको वासलात, नाफा नोक्सान हिसाब, नगद प्रवाह लगायतका विवरणहरु पारित गर्ने ।
३. आ.व.२०८१/०८२ को लागि लेखापरीक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।
४. संचालक समितिको गठन गर्ने ।
५. अध्यक्ष र संचालकहरुको बैठक भत्ता निर्धारण गर्ने ।

**(ख) विशेष प्रस्तावहरु :**
६. कम्पनीले उद्देश्य मिल्ने कम्पनीहरुलाई प्राप्ति (Acquire) गर्नको लागि संचालक समितिलाई अख्तियारी दिने प्रस्ताव पारित गर्ने ।
७. कम्पनीको प्रबन्धपत्र र नियमावलिका प्रस्तावित बुँदाहरुमा संसोधन गर्ने तथा संसोधन गर्ने सम्बन्धमा नियमनकारी निकायबाट निर्देशन भएमा थपघट, परिमार्जन, संसोधन तथा सच्याउनको लागि संचालक समितिलाई अख्तियारी दिने प्रस्ताव पारित गर्ने ।

**(ग) विविध ।**

**आज्ञाले,**
रामप्रसाद पोखरेल
अध्यक्ष

**मुक्तिनाथ एग्रो मेशिनरी कम्पनी लि.**
**MUKTINATH AGRO MACHINERY COMPANY LTD.**
A Subsidiary Company of Muktinath Krishi Company Ltd.
बसुन्धरा चक्रपथ, काठमाडौं, **सम्पर्क नं :** ०१-४९५००९७
**इमेलः** info@muktinathkrishi.com
**वेबसाइटः** www.muktinathkrishi.com
"समृद्धिको आधार कृषि, कृषिको आधार प्रविधि"



## वन पैदावार बोलपत्रद्वारा लिलाम बिक्री सम्बन्धी सूचना

**प्रथम पटक सूचना प्रकाशन मितिः २०८२/७/२९**

यस सामुदायिक वन उपभोक्ता समूहको वन क्षेत्रबाट स्वीकृत वन कार्ययोजना बमोजिम आ.व.२०८१/०८२ मा उत्पादन भई घाटगद्दीमा लट बनाई राखिएको साल जातको गोलिया थान ३५ को ६४१.२७ घनफिट काठ जे जस्तो अबस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्रि गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । प्रचलित कानून बमोजिम उद्योगको रूपमा दर्ता तथा नविकरण भएको, वन नियमावली २०७९ को नियम १२८ बमोजिम सूचीकृत तथा अद्यावधिक भएको उद्योगले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र सिलबन्दी बोलपत्र खरिद गरी दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धी बिस्तृत जानकारीको लागि यस समूहको कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ । पुर्ण ब्यहोराको सूचना यस समूहको कार्यालयको सूचना पाटीमा टांस गरिएको छ ।

**अँधेरी जितेदमार सामुदायिक वन उपभोक्ता समूह**
**बकैया - ३, मकवानपुर**


### गृहमन्त्रीलाई बौद्ध महासंघको ज्ञापनपत्र

# गुम्बा–विहारविरुद्ध भ्रम फैलाउनेलाई कारबाही गर्न माग

**काठमाडौं (प्रस)–** नेपाल बौद्ध महासंघले गोन्पा (गुम्बा) तथा विहारहरूमाथि तथ्यहीन आरोपसहितको भ्रम फैलाउने कार्य भइरहेकोप्रति सरकारको ध्यानाकर्षण गराएको छ ।

महासंघले शुक्रबार गृहमन्त्री ओमप्रकाश अर्याललाई ज्ञापनपत्र बुझाउँदै यस विषयमा ध्यानाकर्षण गराएको हो । महासंघले गत भदौ २३ र २४ को आन्दोलनका घटनाहरूसँग जोडेर गुम्बा तथा विहारहरूविरुद्ध तथ्यहीन, कपोलकल्पित, अतिरञ्जित र भ्रामक प्रचार गर्दै सामाजिक सञ्जाल तथा विभिन्न सञ्चारमाध्यमहरूमार्फत भ्रम फैलाउने अभिव्यक्ति र अन्तरवार्ताहरू दिँदै आएको विषयमा गम्भीर आपत्ति जनाएको छ ।

'प्राचीनकालदेखि नै बौद्ध गोन्पा र विहारहरू शाक्यमुनि बुद्धद्वारा प्रदान गर्नुभएका उपदेश शील, समाधि र प्रज्ञाको विषय अध्ययन, अध्यापन र अभ्यास गर्ने शान्तिपूर्ण केन्द्रहरू हुन् । यी संस्थानहरू मानवता, करुणा, अहिंसा र परोपकारका शिक्षामा आधारित शान्तिपूर्ण केन्द्रहरू हुन्, कहिल्यै पनि कुनै राष्ट्र वा समुदायको अहित गर्ने कार्य गरेका छैनन् र भविष्यमा पनि त्यस्तो सम्भावना रहँदैन,' महासंघको ज्ञापनपत्रमा उल्लेख छ ।

'देशमा धार्मिक तथा सम्प्रदायिक द्वन्द्व उत्पन्न गराउने उद्देश्यले केही अराजक तत्त्वहरूले 'गोन्पाहरू विदेशी राष्ट्रहरूको अखडा बनेको' वा 'त्यहाँ हतियार लुकाइएको छ' जस्ता गैरजिम्मेवार र दुराशयपूर्ण अभिव्यक्तिहरू सार्वजनिकरूपमा प्रसारण गरिँदा सम्पूर्ण बौद्ध समुदायको मानमर्दन भएको छ,' महासंघले थप भनेको छ ।

महासंघले गृहमन्त्री अर्यालसमक्ष तीनबुँदे माग प्रस्तुत गरेको महासंघका अध्यक्ष नबुथुण्डु शेर्पा (गेशे थुप्तेन जिन्पा)ले जानकारी दिए ।



उनका अनुसार गोन्पा र विहारहरूसम्बन्धी भ्रामक अभिव्यक्ति, अन्तर्वार्ता र समाचार सार्वजनिक गर्ने व्यक्तिहरू, सञ्चारमाध्यमका प्रस्तोता र स्रोत व्यक्तिहरूमाथि तत्काल सत्यतथ्य छानबिन गर्नुपर्ने, छानबिनबाट दोषी ठहरिने व्यक्तिहरूविरुद्ध हाल प्रचलित कानुनी व्यवस्थाअनुसार कडा कारबाही गरिनुपर्ने र सामाजिक सञ्जाल तथा डिजिटल मिडियामार्फत धार्मिक द्वेष फैलाउने वा भ्रामक प्रसार गर्ने व्यक्तिलाई तत्काल कानुनी दायरामा ल्याई कडा कारबाही गर्नुपर्ने माग गरिएको छ ।


## कतारमा रोजगार

कम्पनी : SAHEL AL-SHAMAL TRADING AND CONTRACTING

पूर्व स्वीकृति मिति : २०८२/०७/२८ | LT. No. 333737 | चलानी नं. ६०२४७४१३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Skilled Building Worker | ८ | ० | 1200 | ४६,७३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ मंसिर ६ गते (22nd Nov. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**J.K. OVERSEAS PVT. LTD.**
Sukedhara-4, Kathmandu, Nepal, Tel: +977-4548016
E-mail: jkoverseasnepal@gmail.com, jkoverseasoffice@gmail.com, Website: jkoverseas.com.np
श्रम ईजाजत नं. १७२०/०८१/०८२



## जापानमा रोजगार

कम्पनी : ASEAN COOPERATIVE

पूर्व स्वीकृति मिति : २०८२/०७/२८ | LT. No. 333441 | चलानी नं. ६०२४७३५८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव YEN | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | wood processor | 10 | 0 | 213500 | १९५८७५ | क.नि. अनुसार | ७ घण्टा | ५ दिन | क.नि. अनुसार | छैन | छैन | ३ वर्ष |

कम्पनी : ASEAN COOPERATIVE

पूर्व स्वीकृति मिति : २०८२/०७/२८ | LT. No. 333442 | चलानी नं. ६०२४७३५९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव YEN | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | CONSTRUCTION EQUIPMENT | 3 | 0 | 213750 | १९६१०४ | क.नि. अनुसार | ७ घण्टा | ५ दिन | क.नि. अनुसार | छैन | छैन | ३ वर्ष |

■ **प्रशिक्षार्थीको आवश्यक न्यूनतम योग्यता र काम गरेको अनुभवः**
(क) नेपाली नागरिक हुनुपर्ने । (ख) प्रशिक्षार्थीको उमेर १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको हुनुपर्ने । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरूमा तीन वर्ष पूर्व दर्ता भई सञ्चालन भई रहेका औद्योगिक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघ संस्था, होटल, पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (घ) कृषि सम्बन्धि कामको निमित्त सम्बन्धित उद्यम/उद्योग वा सम्बन्धित विषयको सहकारी वा सामुदायिक संस्थामा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (ङ) प्रशिक्षार्थीले जापानमा प्रशिक्षार्थी कामदारको रुपमा खोजेको विषयमा नै नेपालको उद्योग, प्रतिष्ठान, संस्था वा निकायहरूमा काम गरिरहेको हुनुपर्ने । (च) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिएको हुनुपर्ने ।

■ **दरखास्त साथ पेश गर्नुपर्ने आवश्यक कागजातहरुः**
(क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ख) राहदानी प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरूमा तीन वर्ष पूर्व दर्ता भई सञ्चालन भई रहेका औद्योगिक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघ संस्था, होटल, पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव सम्बन्धि प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (घ) कामदार जापानमा प्रशिक्षार्थी कामदारको रूपमा जान खोजेको विषयमा नै नेपालको उद्योग, प्रतिष्ठान, संस्था वा निकायहरूमा काम गरिरहेको हुनुपर्नेछ । (ङ) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिई उत्तीर्ण गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (च) अभिमुखिकरण तालिम लिएको सक्कल प्रमाणपत्र । (छ) नेपालमा आफू कार्यरत रहेको सम्बन्धित उद्योग, प्रतिष्ठान, निकाय वा संस्थाको सिफारिस र नेपाल फर्कि आएपछि पुनः काममा लगाउनेछु भनी सम्बन्धित संस्थाले गरेको प्रतिवद्धता पत्र । (ज) प्रशिक्षार्थी कामदारको रूपमा तालिम लिई नेपाल फर्केपछि सम्बन्धित उद्योगमा नै काम गर्ने भनि आफू कार्यरत संस्था वा निकाय समक्ष गरेको प्रतिवद्धता सम्बन्धि कागजातको प्रतिलिपि ।
१. दरखास्त बुझाउनु पर्ने स्थान र अन्तिम मितिः स्थानः प्रा.लि.को कार्यालय, मितिः यो सूचना प्रकाशित भएको मितिले ८ दिन भित्र ।
२. प्रशिक्षार्थीले तिर्नुपर्ने (सेवा शुल्क, यातायात, भिषा तथा प्रवर्द्धन खर्च समेतको) कूल खर्चः १०,०००
३. प्रशिक्षार्थी छनौट गर्ने तरिका, मिति र स्थानः छनौट तरिकाः अन्तर्वार्ता, स्थानः प्रा.लि.को कार्यालय र अन्तर्वार्ता मितिः पछि प्रकाशित गरिनेछ ।

**नोटः** वैदेशिक रोजगार ऐन, २०६४ को दफा ९ बमोजिम महिला, दलित, आदिवासी जनजाति, उत्पीडित वर्ग, पिछडिएको क्षेत्र तथा वर्ग एवं दुर्गम क्षेत्र तथा दैवीप्रकोप पीडित व्यक्तिलाई नेपाल सरकारले तोके बमोजिमको संख्यामा आरक्षण प्रदान गरिने छ ।

■ **नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः**
१) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भरपाई अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरू साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापनमा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोस । ४) विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्स तालिम अनिवार्य लिनुहोस । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।
द्रष्टव्यः यस विषयमा थप केही कुरा बुझ्न परेमा यस प्रा.लि.मा सम्पर्क गर्न सक्नुहुनेछ ।

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ मंसिर ६ गते (22nd Nov. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**INSPIRE INTERNATIONAL EMPLOYME NT PVT.LTD.**
Airport, Shambhu Marg-4, Kathmandu,Nepal Phone: (+977) 4112800, Email: inspireintemp@gmail.com



## Pachrauta Municipality
## Office of the Municipal Executive
**Benauli, Bara**
**Madhesh Province, Nepal**

## Invitation for Bids

**IFB No: -NCB/PMUN/W/16/2082-083**

**Date of Publication: 2082-07-28 BS**

1. Pachrauta municipality benauli bara invites **electronic bids only** from eligible bidders for following works under NCB bidding procedure. Only eligible bidders with the following key qualifications should participate in the bidding for the contracts mentioned below.

| S.N. | Project Name | Bid Doc. Fee (NRs.) | Estimated Amount (Exclusive of VAT and Contingencies) | Bid Security Amount (NRs) |
|---|---|---|---|---|
| 1 | Wada No.2 bhari sadak dhalan tatha nala nirman NCB/PMUN/W/16/2082-083 | 3000.00 | 5174121.10 | 130000.00 |

- Last date of Bid Submission : Dec 15, 2025, Time : 12:00
- Bid Opening Dec 15, 2025 Time : 13:00 at office premise.

2. Revenue Account Details:

| Office Name | Bank Name | Bank Address | Account Number | Office code/ Revenue Heading No. |
|---|---|---|---|---|
| Pachrauta Municipality, Bara | NMB Bank Ltd. | Pachrauta Municipality, Bara | 140083164100010 (Rajaswa) | Office code: 80221403300 Revenue Heading no: 14229 |

3. Bidders are strongly Requested to mention the name of the Firm and the Contract ID in Revenue Voucher for Bid Document Fee. Single Revenue Voucher for a single Bid Document shall be submitted. In Case the bidder chooses to deposit Revenue for more than one bid through a single voucher then the bidders are strongly suggested to mention each Contract ID in Revenue Voucher for which the revenue has been paid. The Non compliance of this may result for declaring the Bid
4. Any additional information or query regarding the bids can be acquired by downloading the bids from the e-GP system of PPMO or by writing us in pachrautamun@gmail.com

**Chief Administrative Officer**

# ‘उद्यमीहरूकी गुरुआमा’ निर्मला

**सीप सिक्ने र सिकाउने उनको यो यात्रा एकाएक सुरु भएको होइन । विद्यार्थी जीवनदेखि नै उनी धागो र कपडासँग खेल्न रुचाउँथिन् । वि.सं. २०५५ तिर इलाम क्याम्पसमा अध्ययन गर्दै गर्दा उनमा सामाजिक काम गर्ने र आत्मनिर्भरताका लागि आफू उदाहरण बनेर अरुलाई प्रेरित गर्ने चाहना पलाएको थियो । उद्यमशीलतासम्बन्धी १० दिने तालिम लिएपछि उनको जीवनले नयाँ मोड लियो ।**



**चन्द्रकला भण्डारी**/झापा

हँसिलो अनुहार, मिजासिलो व्यवहार र दर्बिलो आत्मविश्वास भएकी निर्मला चौहान भण्डारी ‘उद्यमीहरूकी गुरुआमा’ भनेर चिनिन्छिन् । मेचीनगर नगरपालिका-१२ निवासी उनले विगत एक दशकमा ४०० भन्दा बढी महिलालाई आफूले जानेको सीप र अनुभव सिकाएर उद्यमी बनाएकी छन् । ‘चुलो र भान्सामा सीमित महिला ‘दिदीबहिनीहरूलाई आफ्नै खुट्टामा उभिन सबैभन्दा पहिला आवश्यक कुरा उद्यमशील बन्ने सीप हो,’ उनी भन्छिन्, ‘पुरुषले कमाउँछन् र महिलाले त्यसमै निर्भर हुनुपर्छ भन्ने पुरातन सोचमा परिवर्तन ल्याउन मैले तालिम र उद्यमशीलताको अभियान नै चलाएको छु ।’

उनी आफूले सञ्चालन गर्ने तालिम र उत्पादन हुने वस्तुमा स्थानीय स्रोतको प्रयोग गर्छिन् । मकैको खोसेला, धानको पराल, रुद्राक्षको दाना, केराको दाम्चाको रेसाजस्ता सामग्रीबाट उनी आकर्षक झोला, गुन्द्री, पिरा, चप्पल, फूल र सजावटका सामानहरू बनाउन सिकाउँछिन् । घर वरिपरि खेर गइरहेका यस्ता कच्चा पदार्थको उपयोगबाट कलात्मक सामग्री उत्पादन हुँदा मुनाफा राम्रो पाइने र वातावरण संरक्षणमासमेत ठूलो योगदान पुग्ने उनको धारणा रहेको छ ।

धुप, साबुन, सरफ, हार्पिक, फिनेललगायतका दिनहुँ घरमा काममा आउने सामान बनाउनसमेत उनले तालिम दिँदै आएकी छन् । गाउँघरमै पाइने तरकारीहरूबाट स्वादिला अचार बनाउने तालिम उनले प्रदान गर्दै आएकी छन् । उनले यस्ता तालिम झापा जिल्लामा मात्र नभएर कोशी प्रदेशका विभिन्न जिल्लामा सञ्चालन गर्दै आएकी छन् । खासगरी ग्रामीण क्षेत्रका सयौं महिला उनीबाट सीप सिकेर आयआर्जन गर्ने तहसम्म लाभान्वित भइसकेका छन् ।

सीप सिक्ने र सिकाउने उनको यो यात्रा एकाएक सुरु भएको होइन । विद्यार्थी जीवनदेखि नै उनी धागो र कपडासँग खेल्न रुचाउँथिन् । वि.सं. २०५५ तिर इलाम क्याम्पसमा अध्ययन गर्दै गर्दा उनमा सामाजिक काम गर्ने र आत्मनिर्भरताका लागि आफू उदाहरण बनेर अरुलाई प्रेरित गर्ने चाहना पलाएको थियो । २०५६ सालमा विवाह गरेर मेचीनगर आएपछि उनले २०६४ सालमा घरेलु कार्यालय झापाले आयोजना गरेको उद्यमशीलतासम्बन्धी १० दिने तालिम लिइन् । त्यही तालिमले नै उनको जीवनलाई नयाँ मोड दिएको देखिन्छ ।

‘हरेक महिलाका लागि क्याम्पसमा पढ्दा र बिहे गरेपछिको अवस्थामा परिवर्तन हुन्छ,’ उनी भन्छिन्, ‘मैले चाहिँ बिहे गरेपछिको अवस्थालाई जीवनको नयाँ अध्याय सुरु गर्ने अवसरका रूपमा लिएँ । पहिला आफू आत्मनिर्भर हुने र गाउँका दिदीबहिनीलाई पनि त्यही बाटोमा डोहोऱ्याउने संकल्पका साथ तालिमको भरपुर सदुपयोग गरेँ । यसमा परिवारको दर्बिलो साथ थियो ।’

> दिदीबहिनीहरुलाई आफ्नै खु ामा उभिन सबैभन्दा पहिला आवश्यक कुरा उद्यमशील बन्ने सीप हो । पुरुषले कमाउँछन् र महिलाले त्यसमै निर्भर हुनुपर्छ भन्ने पुरातन सोचमा परिवर्तन ल्याउन मैले तालिम र उद्यमशीलताको अभियान नै चलाएको छु ।
>
> **निर्मला चौहान भण्डारी**
> उद्यमी

वि.सं. २०६५ मा तत्कालीन धाइजन गाउँपालिकामा सगरमाथा सामुदायिक विकास केन्द्र चन्द्रगढीले आयोजना गरेको सात दिवसीय गुडिया बनाउने तालिम लिएपछि निर्मलामा उद्यमी बन्ने सोच आयो । उनले तालिमपछि आफ्नै घरमा ‘जागरुक लघु उद्योग’ स्थापना गरिन् । सुरुआती समयमा उनीसँग एउटा सिलाई मेसिनमात्र थियो । घरेलु कार्यालयले सहयोगस्वरूप अर्को मेसिन उपलब्ध गराएपछि उनले दुईवटा मेसिनबाट गुडिया र झोलाको व्यावसायिक उत्पादन सुरु गरिन् । सुरुसुरुमा त गाउँलेहरूले घरमै उद्योग चल्ने कुरामा पत्याएका थिएनन् ।

चिटिक्क परेका झोला र गुडिया उत्पादन हुन थालेपछि गाउँघरमै यसको बिक्री बढ्यो । वल्लो र पल्लो गाउँहुँदै सहरसम्म निर्मलाको सीप र उत्पादनको चर्चा र प्रशंसा बढ्न थाल्यो । यसबाट उनको ख्यातिमात्र बढेन, उनीसँग तालिम लिन र सामान किन्न आउनेको लर्को नै लाग्न थाल्यो । ‘आफूले उत्पादन गरेको सामान बिक्री हुन थालेपछि मनोबल र उत्साह बढ्दो रहेछ,’ उनले संघर्षमय दिनहरू सम्झँदै भनिन्, ‘एकातिर आम्दानी बढ्यो, अर्कातिर मलाई पनि सीप सिकाइदिनु भन्दै महिला दिदीबहिनी र संघसंस्था धाउन थाले । बल्ल आफ्नो सपना पूरा हुन थाल्यो भनेर म झनै उत्साही भएर लागेँ ।’ त्यसपछि उनी कुशल प्रशिक्षकका रूपमा प्रख्यात भइन् । सयौं स्थानमा तालिम दिएका महिलालाई उद्योग खोलेर आफ्ना उत्पादनहरू बजार पुऱ्याउन प्रेरित गर्न थालिन् । सबैले उनलाई गुरुआमा भन्न थाले ।

उनले एक दशकमा पाँच हजारभन्दा बढी महिलालाई आत्मनिर्भर बनाउने तालिम प्रदान गरेको बताइन् । उनीसँग सीप सिकेका ४०० भन्दा बढी महिलाले घरेलु उद्योग नै सञ्चालन गरिरहेका छन् । ‘घरमै बसेर थोरै लगानीमा उद्यमी बन्न सकिन्छ भन्ने कुरामा आश्वस्त तुल्याएर सीप सिकाइरहेकी छु,’ उनी भन्छिन्, ‘आफैंले सञ्चालन गरेको पुन:जागृति केन्द्र नामक प्रशिक्षण केन्द्र एवं घरेलु उद्योगमा २५ जना महिलालाई प्रत्यक्ष रोजगारीसमेत दिइरहेकी छु । यही सफलता नै मेरो जीवनको सबैभन्दा ठूलो सम्पत्ति हो ।’

वि.सं. २०७२ देखि उनलाई सरकारी निकायले प्रशिक्षकको रूपमा औपचारिक मान्यता दिएर तालिमहरूमा परिचालन गर्न थाल्यो । पुन: जागृति सीप केन्द्र नामक तालिम दिने संस्था भने वि.सं. २०७८ मा घरेलु कार्यालयमा दर्ता गराएकी थिइन् । हाल यही केन्द्रमार्फत उनको तालिम र प्रशिक्षण अभियान कोशी प्रदेशका १० जिल्लामा फैलिएको छ । मधेस प्रदेशको सिराहा र सप्तरीसम्म पनि पुगेर महिलाहरूलाई सीप सिकाउने र आत्मनिर्भर बनाउने कार्यमा लागिरहेको उनले जानकारी दिइन् ।

उनले घरमै बसेर आत्मनिर्भर बन्नेखालका सीपहरूमा महिलाको आकर्षण रहेको र यसबाट महिनामै लाखौं कमाइ गर्न सकिने बताइन् । ‘सिन्के धुपको विकल्पमा हामीले स्थानीय क्षेत्रमा खेर गइरहेका फूलपातिलाई संकलन गरी धुलो बनाई बाती बनाइरहेका छौं,’ उनले भनिन्, ‘तर स्थानीय सरकारले नीति नबनाउँदा बाहिरको सामग्रीले बजार कब्जा गरेको छ । ग्रामीण महिलाले उत्पादन गरेका वस्तुको बजारका लागि सरकारले सघाउनुपर्ने खाँचो छ ।’

सीप सिक्ने इच्छा शक्ति भएका विपन्न, असहाय र अपांगता भएका महिलालाई घरमै पुगेर नि:शुल्क सीप सिकाउने र व्यवसायका लागि स्रोत जुटाइदिने कार्यमासमेत आफू लागिरहेको उनले बताइन् । कुनै पनि महिलालाई आत्मनिर्भर र उद्यमी बन्न सबैभन्दा परिवारकै साथ हुनुपर्ने उन बताउँछिन् । उनले सफल प्रशिक्षक र उद्यमीको रूपमा आफू चिनिनुमा पति राजु भण्डारीको साथ र सहयोग रहेको बताइन् । आवश्यक कच्चापदार्थ ल्याइदिने, बजारीकरणमा सहयोग गर्नेलगायतका काममा पतिको सहयोग रहेको उनी बताउँछिन् ।

मेची उद्योग वाणिज्य संघकी उपाध्यक्षसमेत रहेकी निर्मलाले महिला उद्यमी समिति बनाएर त्यसैमार्फत धेरैलाई तालिम, परामर्श र बजारको पहुँचको विषयमा सहयोग गरिरहेको बताइन् । महिला उद्यमशीलता अभियानमा लागेकी निर्मलाको यात्रा लोभलाग्दो र प्रेरणादायी भएता पनि यस क्षेत्रमा चुनौती र समस्याको चाङ पनि कम छैनन् । ‘हामीले उत्पादन गरेका सामग्री राम्रा छन् तर बजार छैन,’ उनी भन्छिन्, ‘ब्राण्डिङ गर्न सकेका छैनौं ।

क्रमश: पृष्ठ ५ मा

# नाढीमन ताल घोषणामै सीमित, पर्यटक नआउँदा सुनसान

**पर्यटनको ठूलो सम्भावना बोकेको यस ताल अलपत्र पर्दा पर्यटकको आगमन शून्य बनेको छ । संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले सार्वजनिक गरेको देशका उत्कृष्ट १०० भ्रमणस्थलमा पर्न सफल यस क्षेत्रमा पर्यटक नआउँदा स्थानीय व्यवसायीसमेत पलायन भएका छन् ।**



**सिंघबहादुर थापा**/सर्लाही

सर्लाहीको चन्द्रनगर गाउँपालिका वडा नं ६ र ७ मा अवस्थित ऐतिहासिक, प्राकृतिक तथा धार्मिक पर्यटकीयस्थल नाढीमन ताल अहिले सुनसान बनेको छ । पर्यटनको ठूलो सम्भावना बोकेको यस ताल अलपत्र पर्दा पर्यटकको आगमन शून्य बनेको हो ।

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले सार्वजनिक गरेको देशका उत्कृष्ट १०० भ्रमणस्थलमा पर्न सफल यस क्षेत्रमा पर्यटक नआउँदा स्थानीय व्यवसायीसमेत पलायन भएका छन् । चन्द्रनगर गाउँपालिका-७ निवासी ४५ वर्षीया ललिता भगतले नाढीमन ताल नजिकै कस्मेटिक पसल सञ्चालन गरेकी छन् ।

ताल घुम्न आउने पर्यटकलाई लक्षित गरेर उनले सञ्चालन गरेको पसल नचलेपछि उनी चिन्तामा छिन् । उनले यस ठाउँमा पसल चलाएको १० वर्ष हुन लाग्यो । उनका अनुसार सुरुमा पसल राम्रो चलेको थियो । दैनिक पाँच हजार रूपैयाँसम्मको व्यापार हुने गरेको थियो ।

यस तालमा नेपालसहित भारतको विभिन्न स्थानबाट पर्यटकसमेत आउने गरेका थिए । पर्यटकको सेवाका लागि भनेर तालपरिसरमा होटलसहित विभिन्न पसल व्यवसाय सञ्चालनमा पनि आए । तर, २०७२ सालमा राष्ट्रपति चुरे संरक्षण कार्यक्रमअन्तर्गत नेपाली सेनाले सरसफाइसँगै निर्माण गरिदिएको संरचनामा जीर्ण भएपछि तालको अवस्था उस्तै बनेको हो ।

वि.सं. २०७३ असारमा आएको बाढीले सदरमुकाम मलंगवाबाट तालसम्म पुग्ने केही सडक बगाएपछि अवस्था थप बिग्रिएको हो । तालसम्म पुग्ने सडकको दुरावस्थाकै कारण भारततर्फबाट पर्यटकहरू आउन छाडेका स्थानीयको कथन छ । क्रमिकरूपमा ताल व्यवस्थापन तथा प्रचारप्रचारमासमेत अस्तव्यस्तता देखिएपछि तालसम्म आउने आन्तरिक तथा बाह्य दुवै किसिमका पर्यटक घटेका उनले बताइन् ।

तालसम्म पुग्न नेपाल-भारत सीमास्थित भारतको सोनवर्षा बजारबाट १२ किलोमिटर र पूर्वपश्चिम लोकमार्गबाट पनि उत्ति नै दूरी तय गर्नुपर्छ । दुवैतर्फको सडकमा अहिले पनि केही भाग कच्ची सडक छ । यसले गर्दा पर्यटकहरूले सास्ती व्यहोर्नुपर्ने बाध्यता छ । व्यवस्थित सडक सञ्जाल नभएकै कारण यस क्षेत्र ओझेलमा परेको स्थानीयको दाबी छ । ‘यसको विकास नभएकै कारण एकपटक आएका पर्यटक फर्केर आएनन्,’ उनले भनिन्, ‘सम्भावना देखेर सुरु गरेको व्यवसायसमेत चौपट भयो । हामीलाई दैनिकी गुजार्नसमेत धौधौ छ ।’ पालिकाको आन्तरिक बजेट नभएकाले गर्दा यस क्षेत्रको विकासका लागि संघ वा प्रदेश सरकारले लगानी गर्नुपर्ने उनी बताउँछिन् ।

> यस ऐतिहासिक, प्राकृतिक तथा धार्मिक सिमसार क्षेत्रका रूपमा रहेको नाढीमन ताललाई कुनै सरकारले नहेरेको चन्द्रनगर गाउँपालिका-७, निवासी बेचु साहले गुनासो गरे । संघ सरकारले पनि घोषणा गर्नेबाहेक केही नगरेको उनको तर्क छ ।


छिमेकी पालिका बागमतीमा केही समय पहिला निर्माण गरेको कृत्रिम भरत ताल गुल्जार हुँदा प्राकृतिक नाढीमन पर्यटकको नजरमा नपरेको उनले दु:खेसो पोखिन् । पर्यटक आउन छाडेपछि अहिले दिनमा ५०० रूपैयाँको पनि व्यापार नहुने भगतको भनाइ छ । ताल व्यवस्थित भए यस क्षेत्रका सयौं व्यक्ति स्वरोजगार हुने अर्का स्थानीय महेन्द्र कापरले आशा व्यक्त गरे ।

चन्द्रनगर गाउँपालिका-६, निवासी उनी सोही ताल किनारमा रहेको मरिचिमानेश्वर महादेव मन्दिरमा पुजारी हुन् । यस ऐतिहासिकस्थलको प्रवर्द्धनमा जनप्रतिनिधिसमेत उदासीन बनेका उनको गुनासो छ । ‘कसैले ध्यान नदिएका कारण यो अलपत्र परेको छ,’ कापरले भने, ‘दुई वडामा यो ताल छ । दुवै वडाले अहिलेसम्म एक रूपैयाँ बजेट हालेका छैनन् ।’

यस ऐतिहासिक, प्राकृतिक तथा धार्मिक सिमसार क्षेत्रका रूपमा रहेको नाढीमन ताललाई कुनै सरकारले नहेरेको चन्द्रनगर गाउँपालिका-७, निवासी बेचु साहले गुनासो गरे । संघ सरकारले पनि घोषणा गर्नेबाहेक केही नगरेको उनको तर्क छ । ‘घोषणा गरेरमात्र केही हुँदैन,’ उनले भने, ‘विकास गर्नुपर्छ, लगानी गर्नुपर्छ, ताललाई पर्यटकको रोजाइको केन्द्र बनाउनेतर्फ ध्यान गएको छैन ।’

यस क्षेत्रको आर्थिक, समाजिक, धार्मिक तथा सांस्कृतिक विकासका लागि एकमात्र उपाय तालको विकास भएको साहले ठोकुवा गरे ।

क्रमश: पृष्ठ ५ मा



**कमलको फूल** | कैलालीको टीकापुर पार्कभित्र रहेको पोखरीमा फुलेको कमलको फूल । *तस्विर: रासस*

# मधेसमा उमेर नपुग्दै विवाह हुने चलन अझै विकराल

**महोत्तरी–** मधेसमा उमेर नपुगी विवाह हुने संख्या अझै विकराल अवस्थामा छ । बालविवाहविरुद्धको कानुन र यससँग जोडिएका अभियान सञ्चालनमा रहे पनि यो समस्या मधेसमा अझै रहेको तथ्यांकले देखाएको छ ।

वि.सं. २०७८ को राष्ट्रिय जनगणनाअनुसार राष्ट्रिय तथ्यांक कार्यालय थापाथली काठमाडौंले प्रकाशित गरेको तथ्यांकमा मधेसमा अझै १० वर्ष नपुग्दै विवाह हुने पनि पाइएको उल्लेख छ । यद्यपि, यस्तो संख्या ०.२ प्रतिशतमात्र छ । त्यसैगरी १० देखि १४ वर्षभित्र विवाह हुने ९.३ र १५ देखि १७ वर्षभित्र विवाह हुने २७.७ प्रतिशत छन् । यसैगरी १८ देखि २० वर्षमुनिका ३९.५ प्रतिशत रहेका तथ्यांकमा उल्लेख छ । पछिल्लो १८ देखि २० वर्ष उमेर समूहभित्र पुरुषको उमेर सालाखाला २० वर्ष देखिए पनि महिला भने १७ को हाराहारी पाइएका छन् ।

मधेसमा १८ वर्ष नपुग्दै विवाह गर्ने महिलाको संख्या ४२.४ प्रतिशत छ । यो संख्या महोत्तरीमा अझ बढी ४३.३ प्रतिशत रहेको बालविवाहविरुद्ध सामाजिक अभियानमा विभिन्न सामाजिक संघसंस्थासँग सहकार्य गर्दै आएको अन्तर्राष्ट्रिय गैरसरकारी संस्था सेभ द चिल्ड्रेन बर्दिबास कार्यालयका सञ्चार अधिकृत झम्केश्वर ओझा बताउँछन् ।

मधेसमा पहिलो विवाहको औसत उमेर १८ वर्ष देखिन्छ । जसमा पुरुषको २० वर्ष र महिलाको १७ वर्ष रहेको तथ्यांकमा उल्लेख छ । यी उमेर समूहभित्रको विवाहमा पुरुषभन्दा महिला बढी देखिएका छन् । यस्तै २१ देखि २४ वर्ष उमेरभित्र विवाह हुने मधेसमा १४.५ प्रतिशत छन् ।

यद्यपि तथ्यांकमा उल्लेख यो अवस्थामा २०७८ सालको जनगणनायता निकै सुधार भएको जिल्ला समन्वय समितिका प्रमुख सुमनकुमारलाल कर्ण बताउँछन् । 'हामीकहाँ बालविवाह अझै सामाजिक समस्याको रूपमा छँदै छ, यद्यपि २०७८ यता यसमा निकै सुधार भएको छ,' कर्ण भन्छन्, 'यसबीचमा बालविवाहविरुद्धका सामाजिक अभियानको निरन्तरताले अवस्थामा निकै सुधार आएको छ ।' जिल्लाका १५ मध्ये सात स्थानीय तहले विभिन्न सामाजिक संघसंस्थासँगको साझेदारीमा बालविवाहविरुद्धको अभियानलाई निरन्तरता दिएपछि ती ठाउँमा निकै सुधार आएको कर्णको भनाइ छ । *रासस*

# करोडौं मूल्यका नगरबस प्रयोगविहीन

**राँझा (बाँके)–** नेपालगञ्ज उपमहानगरपालिकाका नगरबस प्रयोगविहीन अवस्थामा बसपार्कमा थन्किएका छन् ।

उपमहानगरपालिकाले आर्थिक वर्ष २०७५/७६ मा चार थान ४१ सिटे र तीन थान ३६ सिटे बस तीन करोड ५८ लाख ११ हजार रूपैयाँमा खरिद गरेको थियो । खरिद गरेको छ वर्षमै नगरबस प्रयोगविहीन अवस्थामा पुगेका छन् ।

विशेष अनुदानको रकमबाट बस खरिद गरिएकाले महिला सहचालक राखी सुरुआतमा उपमहानगरपालिका आफैंले सञ्चालन गरे पनि खर्च धान्न नसक्ने देखेपछि बसपार्क र सातवटा बस सञ्चालनका लागि 'टेण्डर' आह्वान गरिएको थियो ।

उपमहानगरपालिका राजस्व शाखा प्रमुख वीरबहादुर थापाका अनुसार सातवटा बसको वार्षिक ५० लाख रूपैयाँ र नेपालगञ्ज बसपार्कको पार्किङ शुल्क ५१ लाख रूपैयाँ न्यूनतम् मूल्य कायम गरी टेण्डर आह्वान भएकामा शिवशक्ति जनरल अर्डर सप्लायर्सले वार्षिक एक करोड ३७ लाख ५१ हजार रूपैयाँमा ठेक्का स्वीकार गरेको थियो । बस सञ्चालनमा घाटा भएपछि ठेकेदार कम्पनीले नगरबस बसपार्कमा थन्क्याएको छ ।

लक्षित वर्गका लागि प्राप्त अनुदानमा नगर बस खरिद गरी राज्यको धनराशि खर्च भए पनि उपलब्धि नभएको भन्दै नगरवासीले चिन्ता र चासो व्यक्त गरेका छन् । नागरिक सरोकार मञ्चका संयोजक कृष्णप्रसाद श्रेष्ठले विपन्नका लागि आएको बजेटबाट किनिएका बस अहिले थन्क्याएर राख्नु सहरकै प्रतिष्ठामा आँच आउने विषय भएको बताए ।

'ठूलो धनराशि खर्च गरेर किनेका बस अहिले सञ्चालन गर्न सकिएन भनेर उम्कन मिल्दैन, विपन्न नागरिकको नाममा आएको बजेटबाट किनिएका बसहरू नगरवासीलाई सेवामात्रै दिन भए पनि सञ्चालन हुनुपर्छ,' उनले भने, 'करोडौं मूल्यका नगरबस यसरी थन्क्याएर राख्नु सार्वजनिक सम्पत्तिको दुरूपयोग हो ।'

उपमहानगरपालिकाका प्रवक्ता प्रमोद रिजालले बसपार्कमा थन्किएका नगरबसलाई पुनः सञ्चालनका लागि योजना बनिरहेको बताए । नगर कार्यपालिकाको आगामी बैठकमा यस विषयमा छलफल हुने र पुनः सञ्चालनका लागि निर्णय गरिने रिजालको भनाइ छ । *रासस*

महाकाली प्रादेशिक अस्पताल

# विशेषज्ञ सेवा बढेपछि बिरामीलाई शयया अभाव

■ **महादेव अवस्थी**


**दोधारा चाँदनी (कञ्चनपुर)–** महाकाली प्रादेशिक अस्पतालमा विशेषज्ञ सेवा सुरु भएपछि बिरामीको चाप बढेको छ । अस्पतालले विशेषज्ञ सेवासँगै सिटी स्क्यानलगायतका उपकरणबाट सेवा दिन थालेपछि बिरामीको चाप बढेको हो । रिफर सेण्टरका रूपमा परिचित महाकाली अस्पतालले पछिल्लो समय २३ विशेषज्ञ चिकित्सकसहितको सेवा दिन थालेको छ ।

अस्पतालमा मेडिसिन विभाग, हाडजोर्नी विभाग, सर्जरी विभाग, स्त्री तथा प्रसूति रोग विभाग, रेडियोलोजी, एनेस्थेसियोलोजी र मानसिक रोग विशेषज्ञ सेवा सञ्चालन भएपछि दैनिक आउने बिरामीको चाप बढेको अस्पतालका निमित्त मेडिकल सुपरिटेण्डेण्ट अर्जुन भट्टले जानकारी दिए । एक महिनाअघि मात्रै अस्पतालले सिटी स्क्यान सेवा सुरु गरेको थियो । यसले यहाँ उपचार गर्न आउने बिरामीको चाप बढेपछि शयया अभाव हुन थालेको उनले बताए ।

'सिटी स्क्यान सुरु भएपछि क्यान्सरको प्रारम्भिक पहिचान हुने, धेरैजसो चोटपटक लागेका, दिमागमा नशा च्यापिने र हेमाटोमा हुने बिरामीको निदान भइरहेको छ,' मेसु डा. भट्टले भने, 'यस्ता बिरामी बढेपछि अस्पतालमा बेडको अभाव हुन थालेको छ, बिरामी भर्ना दर बढेको छ ।'

बिरामीको भर्ना दर बढेपछि तत्काल बेड थप गर्नुपर्ने अवस्था आएको मेसु डा. भट्टले बताए । यसका लागि सुदूरपश्चिम प्रदेश सामाजिक विकास मन्त्रालयमा पहल गरिरहेको उनको भनाइ छ । 'मंसिरदेखि ओपिडी र आकस्मिक कक्षका लागि छुट्टै अत्याधुनिक एक्स-रे मेसिनबाट सेवा सुरु गर्दै छौं,' उनले भने, 'हामीले गुणस्तरीय स्वास्थ्य सेवा दिने प्रतिबद्धताअनुरूप काम गरिरहेका छौं ।'

अस्पतालले विशेषज्ञसहितको सेवा सुरु गरेपछि यहाँका बिरामीले उपचारका लागि अन्यत्र जानुपर्ने बाध्यता



हट्न थालेको छ । विगतको तुलनामा अस्पतालमा अत्याधुनिक स्वास्थ्य उपकरण र विशेषज्ञसहितको सेवाले बिरामीलाई रोगको निदान र उपचारमा सहज भएको छ । अस्पतालले सिटी स्क्यान सेवा सुरु गरेपछि बिरामीको रोग पहिचान गरी उपचार गर्न सहज भएको अस्पतालका रेडियोलोजिस्ट सन्तोष आत्रेयले जानकारी दिए ।

'अस्पतालमा एक्स-रे मात्रै हुँदा हामीले यहाँबाट बिरामीलाई अन्यत्र रेफर गर्नुपर्ने अवस्था थियो,' उनले भने, 'सिटी स्क्यान सुरु भएपछि यहाँ उपचारका लागि आउने धेरै बिरामीको छोटो समयमा उपचार गर्न सफल भएका छौं, महेन्द्रनगरमै क्यान्सर पहिचान हुन थालेको छ ।' उनले धेरैजसो बिरामीको प्रारम्भिक क्यान्सरसमेत देखिएपछि बिरामीलाई सल्लाहसहित उपचारका लागि पठाएको बताए ।

अस्पताल व्यवस्थापन समितिका निवर्तमान अध्यक्ष कृष्णानन्द भट्टले विगतको तुलनामा अस्पतालले विशेषज्ञ सेवा थपिँदै गएको बताए । 'विगतको तुलनामा यहाँबाट सेवा लिने बिरामीको संख्या बढेको छ,' उनले भने, 'यहाँको मुख्य आवश्यकता भनेको सिटी स्क्यान थियो त्यो सेवा पनि सञ्चालन भएपछि यहाँका बिरामीहरूलाई राहत मिलेको छ ।'

अहिले विशेषज्ञ चिकित्सक सेवा थपिँदै गएकाले सरकारले त्यही अनुसारको भौतिक पूर्वाधार र स्वाथ्य उपकरण पनि थपिँदै गए यहाँबाट कुनै पनि बिरामीले उपचारका लागि अन्यत्र जानु नपर्ने उनको भनाइ छ । अस्पताल प्रशासनका अनुसार आर्थिक वर्ष २०७०/८१ मा ९१ हजार ५०० बिरामीले ओपिडिबाट सेवा लिएका थिए ।

त्यसैगरी आकस्मिक कक्षबाट ३९ हजार ९१४ जनाले सेवा लिएका थिए भने पाँच हजार जना अस्पतालमा भर्ना भएका थिए । विशेषज्ञ सेवा सुरु भएपछि आर्थिक वर्ष २०८१/८२ मा ओपिडीबाट एक लाख नौ हजार बिरामीले सेवा लिएका छन् । आकस्मिक कक्षबाट ५१ हजार ३०० बिरामीले सेवा लिएका छन् भने छ हजार ३५६ जना अस्पतालमा भर्ना भएका थिए । *रासस*

पृष्ठ ४ बाट क्रमशः

## उद्यमीहरूकी...

बजारमा प्रतिस्पर्धा गर्न सजिलो छैन । राज्यले प्रोत्साहनको उत्साहजनक नीति र कार्यक्रम ल्याउन सकेको छैन ।' निर्मला स्थानीय सरकारलाई बजार विस्तारका लागि आग्रह गरिरहेको बताउँछिन् । साप्ताहिक रैथाने बजार सञ्चालन गर्नसके स्थानीय उत्पादनको बजार विस्तार हुने र उद्यमी महिलालाई राहत पुग्ने उनी बताउँछिन् । जहाँ मेला, महोत्सव लाग्छ त्यही पुऱ्याएर आफूले उत्पादन गरेका सामग्रीको बिक्री गर्नुपर्ने कतिपय बाध्यता रहेको बताइन् । स्थानीय सरकारसँग धेरैपटक नीति बनाएर उद्यमी महिलालाई सहयोग गर्न आग्रह गरेको बताइन् । महिलाले उत्पादन गरेका झोला नगरमा सञ्चालन हुने विद्यालयका विद्यार्थीसम्म पुग्ने हो भने पनि धेरैले रोजगार पाउने उनी बताउँछिन् ।

उनले सीप सिकाउने र सिक्ने संस्कारले बेरोजगारी घट्ने र महिलाको आर्थिक सशक्तीकरणमा मद्दत मिल्ने बताइन् । उनले धेरै महिलाले सीप सिकेर परिवार पाल्न सक्षम भएका उदाहरण दिँदै भनिन्, 'मेरो सपना भनेकै हरेक घरका महिला सीप सिकेर आत्मनिर्भर बनुन् भन्ने हो ।'

निर्मलाले प्रशिक्षण प्रदान गरेका धेरै महिला अहिले प्रशिक्षककै रूपमा काम गरिरहेका छन् । मेचीनगर-१३ की निर्मला खनालले उनीबाट तालिम लिएर हाल प्रशिक्षकको रूपमा काम गरिरहेको बताइन् । 'ब्याग र बुटिकसम्बन्धी तालिम दिएर निर्मला दिदीले उद्यमी बनाउनुभयो,' उनी भन्छिन्, 'जतिबेला म संकटबाट गुज्रिरहेकी थिएँ, त्यसबेला उहाँले नै तालिम दिएर हौसला बढाउनुभयो । अहिले उद्यमसँगै प्रशिक्षकसमेत बनेर काम गरिरहेकी छु ।' मेचीनगरको नारी कल्याणकारी महिला विकास संस्थाकी अध्यक्ष जानुका ओलीले प्रशिक्षक निर्मला चौहान भण्डारी समाजकी प्रेरणाकी स्रोत र उदाहरणीय व्यक्तित्व भएको बताइन् । उनले असहाय र विपन्नलाई तालिम दिएर स्वरोजगार बनाउँदा सयौं महिलाहरू आत्मनिर्भर बन्न सफल भएको बताइन् । *रासस*

■■■

## नाढीमन ताल...

ताल व्यवस्थापन मात्र हुने हो भने यहाँका हजारौंले रोजगारी पाउने, स्थानीयको आयआर्जन बढ्ने, स्थानीय तहदेखि प्रदेश र संघ सरकारलेसमेत ठूलो मात्रामा राजस्व आर्जन गर्ने बलियो स्रोत बन्ने उनले सुनाए । अस्तव्यस्तताले चन्द्रनगरवासी सुनको अण्डा बोकेको भिखारी देखिएको उनको कथन छ ।

माछापालका लागि ताल ठेक्का लगाएर मात्र यस पालिकाले बर्सेनि करोडभन्दा बढी राजस्व संकलन गरिरहेको थियो । तर, राजनीतिक खिचातानीका कारण बढेको आन्तरिक कलहपछि आन्तरिक राजस्वमासमेत ठूलो असर परेको छ ।

गाउँपालिका अध्यक्ष राजकुमार महतोले पछिल्लो समय पालिकाले तालको विकासका लागि चौतर्फी पहल गरिरहेको बताए । आफू निर्वाचित भएर आएपछि सबैभन्दा सुरुमा तालको अतिक्रमण हटाउन पहल थालेको उनको भनाइ छ । यस तालको पुरानो क्षेत्रफल ५२ बिघा रहेको स्थानीयको दाबी रहेपछि अतिक्रमणका कारण हाल यस ताल ३५ बिघा क्षेत्रफलमा खुम्चिएको छ । यसले ताललाई आकर्षक बनाउने र पर्यटक पहिलाको भन्दा धेरै आउन सुरु गर्ने उनले विश्वास व्यक्त गरे ।

आफूले पालिकाकोतर्फबाट मधेस र संघ सरकारसँग यस क्षेत्रको विकासका लागि पहल गर्दा कुनै सुनुवाइ नभएको उनको गुनासो छ । निकै पहलपछि मधेस प्रदेश सरकारले ताललाई प्रदेश गौरवको आयोजनाका रूपमा समावेश गर्ने र संघ सरकारले १०० उत्कृष्ट घुम्नैपर्ने स्थानका रूपमा सूचीकृत गर्नेबाहेक कुनै काम नगरेको उनको भनाइ छ । पालिका आफैंले भने तालको इतिहासको खोजी, अध्ययन र दस्तावेजीकरणको कार्य अगाडि बढाएको छ ।

गाउँपालिका अध्यक्ष महतोका अनुसार ठेकेदारले माछा निकाल्न भन्दै २०८० मा पोखरीको पानी सबै सुकाएपछि ताल गौचरणमा परिणत भएको थियो । त्यसपछि झन पर्यटकमा नराम्रो छाप परेको उनको दाबी छ । तालको दिगो विकास र प्रवर्द्धनको उद्देश्य राखेर पालिकाले वृक्षरोपण तथा सरसफाइलगायत कार्यलाई सञ्चालनको तयारी गरेको जनाएको छ ।

ताल परिसरमा प्रत्येक वर्ष भव्य महोत्सव लाग्ने गरेको स्थानीय महन्त महेन्द्र कापरले बताए । मेलामा नेपालसँगै भारतको विहार राज्यका विभिन्न जिल्लाबाट धार्मिक पर्यटकको ओइरो लाग्ने गरेको छ । पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यसहित तालमा सञ्चालनका लागि पाइडल र मोटरबोटसमेत पालिकाले ल्याएको छ तर पर्यटक अभावमा प्रयोग हुन नसक्दा ती बोटहरू ताल किनारमा अलपत्र छ । यसैबीच हिन्दू धर्मग्रन्थ महाभारतमा उल्लेख भएको यक्ष दह नै चन्द्रनगरको नाढीमन ताल रहेको हुनसक्ने सम्भावनासहित पालिकाले यसको अध्ययन सुरु गरेको अध्यक्ष महतोले जानकारी दिए । *रासस*


**दोश्रो वार्षिक साधारण सभा सम्बन्धी सूचना**

प्रथम पटक प्रकाशित मितिः २०८२/०७/२९

आदरणिय शेयरधनी महानुभावहरु,

**मुक्तिनाथ कृषि कम्पनी लि.** को सहायक कम्पनीको रुपमा दर्ता भएको **मुक्तिनाथ आइटेक लि.** को मिति २०८२ कार्तिक २७ गते सम्पन्न संचालक समितिको बैठकको निर्णय अनुसार दोश्रो वार्षिक साधारण सभा निम्न मिति, समय र स्थानमा, देहायका विषय उपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा सेयरधनिको जानकारी एवं उपस्थितिका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**सभा हुने मिति, समय र स्थान :**
**मिति :** २०८२ मंसिर २२ गते, (तदनुसार डिसेम्बर ०८, २०२५)
**समय :** दिनको ३:०० बजे
**स्थान :** मुक्तिनाथ कृषि कम्पनीको कार्यालय, बसुन्धरा, काठमाडौं ।

**छलफलका विषयहरु :**

**(क) सामान्य प्रस्तावहरु :**
१. संचालक समितिको तर्फबाट अध्यक्षज्यूको आ.व. २०८१/०८२ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।
२. लेखापरीक्षकको प्रतिवेदन सहित आ.व. २०८१/०८२ आषाढ मसान्तको वासलात, नाफा नोक्सान हिसाब, नगद प्रवाह लगायतका विवरणहरु पारित गर्ने ।
३. आ.व.२०८१/०८२ को लागि लेखापरीक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।
४. संचालक समितिको गठन गर्ने ।
५. अध्यक्ष र संचालकहरुको बैठक भत्ता निर्धारण गर्ने ।

**(ख) विशेष प्रस्तावहरुः**
६. कम्पनीले उद्देश्य मिल्ने कम्पनीहरुलाई प्राप्ति (Acquire) गर्नको लागि संचालक समितिलाई अख्तियारी दिने प्रस्ताव पारित गर्ने ।
७. कम्पनीको प्रबन्धपत्र र नियमावलिका प्रस्तावित बुँदाहरुमा संसोधन गर्ने तथा संसोधन गर्ने सम्बन्धमा नियमनकारी निकायबाट निर्देशन भएमा थपघट, परिमार्जन, संसोधन तथा सच्याउनको लागि संचालक समितिलाई अख्तियारी दिने प्रस्ताव पारित गर्ने ।

**(ग) विविध ।**

**आज्ञाले,**
गजेन्द्रमान श्रेष्ठ
अध्यक्ष

मुक्तिनाथ आईटेक लि.
MUKTINATH ITECH LTD.
A Subsidiary Company of Muktinath Krishi Company Ltd.
बसुन्धरा चक्रपथ, काठमाडौं, **सम्पर्क नं :** ०१-४९५००९७
**इमेलः** info@muktinathkrishi.com
**वेबसाइटः** www.muktinathkrishi.com
"समृद्धिको आधार कृषि, कृषिको आधार प्रविधि"



**साउदीमा रोजगार** कम्पनी : Nesma Al Salam Contracting Establishment

पूर्व स्वीकृति मिति : २०८२/०७/२७ LT. No. 333612 चलानी नं. ६०२४७४०६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | LOAD & UNLOAD WORKER | 5 | 0 | 1000 | ३७,८१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ मंसिर ६ गते (22nd Nov. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Al Kausar Human Resource Pvt.Ltd. (Makawanpur Overseas Pvt. Ltd.)
श्रम ईजाजत नं.११४२/०७३/०७४
Gairigaun - Tinkune, Kathmandu, Nepal Tel: +977 1 4442794, E-mail : alkausar.hrm@gmail.com



**कुवेतमा रोजगार** कम्पनी : AL TAKIA RESTAURANT

पूर्व स्वीकृति मिति : २०८२/०७/२८ LT. No. 333755 चलानी नं. ६०२४७४०३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | CHEF (COOK) | 2 | 0 | 150 | ६९,३६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Kitchen Helper | 2 | 0 | 110 | ५०,८६५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ मंसिर ६ गते (22nd Nov. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

INTERNATIONAL TRADE LINKS RECRUITMENT PVT. LTD.
(The Centre Overseas Pvt. Ltd.(THE CENTER OVERSEAS CONCERN PVT.LTD))
श्रम ईजाजत नं. ०८५/०५३/०५४
Basundhara, Ktm, Nepal, Tel : +977-1-4985474, 4985586, Fax: +977-1-4385806



**जापानमा रोजगार** कम्पनी : GAKUBUN COOPERATIVE

पूर्व स्वीकृति मिति : २०८२/०७/२८ LT. No. 333753 चलानी नं. ६०२४७४११

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब YEN | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | LIVE STOCK | 3 | 0 | 189336 | १७३,४९५ | क.नि. अनुसार | ७ घण्टा | ५ दिन | क.नि. अनुसार | छैन | छैन | ३ वर्ष |

■ **प्रशिक्षार्थीको आवश्यक न्यूनतम योग्यता र काम गरेको अनुभवः**
(क) नेपाली नागरिक हुनुपर्ने । (ख) प्रशिक्षार्थीको उमेर १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको हुनुपर्ने । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरूमा तीन वर्ष पूर्व दर्ता भई सञ्चालन भई रहेका औद्योगिक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघ संस्था, होटल, पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (घ) कृषि सम्बन्धि कामको निमित्त सम्बन्धित उद्यम/उद्योग वा सम्बन्धित विषयको सहकारी वा सामुदायिक संस्थामा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (ङ) प्रशिक्षार्थीले जापानमा प्रशिक्षार्थी कामदारको रुपमा खोजेको विषयमा नै नेपालको उद्योग, प्रतिष्ठान, संस्था वा निकायहरुमा काम गरिरहेको हुनुपर्नेछ । (च) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिएको हुनुपर्ने ।

■ **दरखास्त साथ पेश गर्नुपर्ने आवश्यक कागजातहरूः**
(क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ख) राहदानी प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरूमा तीन वर्ष पूर्व दर्ता भई सञ्चालन भई रहेका औद्योगिक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघ संस्था, होटल, पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव सम्बन्धि प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (घ) कामदार जापानमा प्रशिक्षार्थी कामदारको रुपमा जान खोजेको विषयमा नै नेपालको उद्योग, प्रतिष्ठान, संस्था वा निकायहरुमा काम गरिरहेको हुनुपर्नेछ । (ङ) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिई उत्तीर्ण गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (च) अभिमुखिकरण तालिम लिएको सक्कल प्रमाणपत्र । (छ) नेपालमा आफू कार्यरत रहेको सम्बन्धित उद्योग, प्रतिष्ठान, निकाय वा संस्थाको सिफारिस र नेपाल फर्की आएपछि पुनः काममा लगाउनेछु भनी सम्बन्धित संस्थाले गरेको प्रतिवद्धता पत्र । (ज) प्रशिक्षार्थी कामदारको रुपमा तालिम लिई नेपाल फर्किएपछि सम्बन्धित उद्योगमा नै काम गर्ने भनि आफू कार्यरत संस्था वा निकाय समक्ष गरेको प्रतिवद्धता सम्बन्धि कागजातको प्रतिलिपि ।
१. दरखास्त बुझाउनु पर्ने स्थान र अन्तिम मितिः स्थानः प्रा.लि.को कार्यालय, मितिः यो सूचना प्रकाशित भएको मितिले ८ दिन भित्र ।
२. प्रशिक्षार्थीले तिर्नुपर्ने (सेवा शुल्क, यातायात, भिषा तथा प्रवर्द्धन खर्च समेतको) कूल खर्चः निःशुल्क
३. प्रशिक्षार्थी छनौट गर्ने तरिका, मिति र स्थानः छनौट तरिकाः अन्तर्वार्ता, स्थानः प्रा.लि.को कार्यालय र अन्तर्वार्ता मितिः पछि प्रकाशित गरिनेछ ।

**नोटः** वैदेशिक रोजगार ऐन, २०६४ को दफा ९ बमोजिम महिला, दलित, आदिवासी जनजाति, उत्पीडित वर्ग, पिछडिएको क्षेत्र तथा वर्ग एवं दुर्गम क्षेत्र तथा दैवीप्रकोप पीडित व्यक्तिलाई नेपाल सरकारले तोके बमोजिमको संख्यामा आरक्षण प्रदान गरिने छ ।

■ **नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः**
१) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भरपाई अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापनमा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोस । ४) विदेश जानु अघि अभिमुखिकरण वा इन्डक्स तालिम अनिवार्य लिनुहोस । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।
द्रष्टव्यः यस विषयमा थप केही कुरा बुझ्न परेमा यस प्रा.लि.मा सम्पर्क गर्न सक्नुहुनेछ ।

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ मंसिर ६ गते (22nd Nov. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

SANTI OVERSEAS PVT. LTD.
Chundevi-04, Maharajgunj, Kathmandu, Nepal, Tel: +977-015910769, Mob: 9801081597
E-mail: overseassanti1495@gmail.com, Website: www.santioverseas.com
श्रम ईजाजत नं. १४९५/०७४/०७५

# प्रभाव दैनिक





## 'झरीपछिको इन्द्रेणी' पुसमा

फिल्म 'झरीपछिको इन्द्रेणी' पुसमा प्रदर्शनमा आउने भएको छ । निर्माण युनिटले फिल्मको प्रदर्शन मिति पुस ४ घोषणा गरेको हो । अर्जुन घिमिरे पाँडे निर्देशित फिल्म नागराज इन्टरटेन्मेन्ट प्रालिले निर्माण गरेको हो । फिल्ममा अनिशा सेन्दाङ लिम्बु निर्मात्री हुन् भने अनु थापा, पंकज खड्का र राम कार्की सह-निर्माताको रूपमा रहेका छन् । फिल्ममा गणेश उप्रेती, रमेश उप्रेती, प्रकाश घिमिरे, दीपाश्री निरौला, सरिता गिरी, देशभक्त खनाल, निर्मल शर्मा, कृष्ण शिवाकोटी, कृष्णभक्त महर्जन, अर्जुन घिमिरे, प्रियना आचार्य, अंशु महर्जन, राजेन्द्र नेपाली र लक्षणा राईलगायतका कलाकारहरूको अभिनय रहेको छ ।




शनिबार, २९ कात्तिक २०८२ (Saturday, 15 November 2025)


रंगशाला

## विश्वकप खेल्न कबड्डी टोली बंगलादेश जाँदै



**काठमाडौं (प्रस)**– दोस्रो महिला कबड्डी विश्वकपमा सहभागी हुन १४ खेलाडीसहित १८ सदस्यीय नेपाली टोली शनिबार बंगलादेशको ढाका प्रस्थान गर्ने भएको छ ।

नोभेम्बर १७ देखि २५ तारिखसम्म हुने प्रतियोगितामा सहभागी हुने खेलाडीमा मानमति विष्ट, जयन्ती बडू, मेणुकाकुमारी राजवंशी, रविना चौधरी, मिना नेपाली, गंगा घिमिरे, आशिका कुँवर, श्रृजनाकुमारी थारु, सिर्जना धानुक, मनीषा जोशी, उरुसा शाक्य, आस्मा यादव, विनिता पण्डित क्षेत्री र सन्जु थामी रहेका छन् ।

प्रशिक्षकमा विष्णु दत्त भट्ट, सहायक प्रशिक्षकमा हरिना थापा, व्यवस्थापकमा सरद दर्शनधारी र निर्णायकमा रमेशचन्द्र ओझा छन् । प्रतियोगितामा नेपालसहित १२ राष्ट्रको सहभागिता रहने अखिल नेपाल कबड्डी संघका महासचिव अरबिन्दकुमार झाले जनाएका छन् ।

टोलीलाई सफलताको शुभकामना दिदै राष्ट्रिय खेलकुद परिषद् (राखेप) का सदस्य-सचिव टंकलाल घिसिङ, राखेपकी सदस्य अञ्जना श्रेष्ठलगायतले शुक्रबार एक कार्यक्रमबीच बिदाइ गरे ।

## ललितपुरविरूद्ध कर्णाली विजयी

**काठमाडौं (प्रस)**– काठमाडौंमा जारी एभरेस्ट महिला भलिबल लिगमा कर्णाली यशविसले शानदार पुनरागमन जित निकालेको छ ।

शुक्रबार भएको दोस्रो खेलमा कर्णाली यशविसले ललितपुर क्वीन्सलाई ३-१ को सेटमा हराएको हो । सुरुवाती सेटमा पराजित भएको कर्णालीले त्यसपछिका तीन सेट जितेको हो ।

ललितपुरमाथि कर्णाली १७-२५, २६-२४, २५-२३ र २७-२५ को सेटमा विजयी भयो । दोस्रो सेटमा टाइब्रेकमा बाजी मारेको कर्णालीले अन्तिम सेटमा २४-२५ ले पछि परेको अवस्थाबाट लगातार ३ अंक जोडेको थियो । उपाधिका लागि शनिबार साँझ ५ बजे यिनै दुई टोली खेल्दै छन् । लिग चरणमा कर्णाली पहिलो र ललितपुर दोस्रो हुँदै फाइनल पुगेका हुन् । साविक विजेता समेत रहेको कर्णाली हालसम्म यस प्रतियोगितामा अपराजित छ ।

आजको खेल हेर्न कर्णालीका ब्रान्ड एमबासडर महानायक राजेश हमाल पनि उपस्थित थिए । 'राम्रो खेल्ने टिमले जितोस्, तर मलाई कर्णाली यशविसले नै जित्छ जस्तो लाग्छ' उनले भनेका थिए ।

# हलमा नेपाली चलचित्रकै दबदबा

**काठमाडौं**– तिहार पर्वको अवसर पारेर प्रदर्शन गरिएका नेपाली चलचित्रलाई दर्शकले साथ दिएका छन् । केही वर्ष अगाडिसम्म तिहारमा नेपालीभन्दा विदेशी चलचित्रको वर्चश्व देखिन्थ्यो, तर पछिल्लो समय नेपाली दर्शकको प्राथमिकतामा नेपाली चलचित्र नै परेको पाइएको छ । नेपाली कला र संस्कृतिसँगै सामाजिक कथामा आधारित चलचित्रहरूले दर्शकको साथ पाउँदा घरेलुबजारमा यसको सकारात्मक प्रभावसहित व्यापार पनि राम्रो भएको देखिन्छ ।

चलचित्र विकास बोर्डअन्तर्गत रहेको 'बक्सअफिस २ सिनेपाः' मार्फत् सार्वजनिक तथ्यांकलाई विश्लेषण गर्दा पछिल्ला दिनमा नेपाली चलचित्र हेर्ने दर्शक बढिरहेको पाइन्छ । यही कात्तिक २२ गते शनिबारसम्म सार्वजनिक तथ्यांकअनुसार सगरमाथाका विषयमा निर्माण गरिएको चलचित्र 'जेरी अन टप' ले सबैभन्दा बढी कमाइ गरेको छ । तीन लाख ७५ हजार ८१ दर्शकले उक्त चलचित्रलाई हेर्दा रु ११ करोड ७१ लाख ४१ हजार ४९८ कमाइ (ग्रस कलेक्सन) गरेको छ ।




विश्वकै सर्वोच्च शिखर सगरमाथाका विषयमा विदेशमा धेरै चलचित्र बनेता पनि नेपालमा भने कमै बनेका छन् । उक्त चलचित्रमा सगरमाथा आरोहण र त्यसक्रमको प्रेमकथालाई देखाइएको छ । सुन्दर दृश्यलाई कैद गरिएको उक्त चलचित्रले पर्यटन प्रवर्द्धनमा टेवा पुऱ्याउने विश्वास निर्माता सरोज न्यौपानेको छ ।

'हामीले सगरमाथाको कथा र सुन्दरतालाई चलचित्रमा प्रस्तुत गरेका छौं । हाम्रो प्रयासलाई दर्शकले साथ दिनुभएपछि अन्य चलचित्रकर्मीलाई पनि हौसला प्राप्त भएको छ । नयाँ विषय र गुणस्तरीय चलचित्र बन्यो भने दर्शकले रुचाउनुहुन्छ भन्ने पुनः प्रमाणित भएको छ । नेपालको सुन्दरता चलचित्रका माध्यमले प्रचारप्रसार गर्नु हामी चलचित्रकर्मीको पनि दायित्व हो', निर्माता न्यौपानेले स्पष्ट गरे ।

उक्त चलचित्रमा अनमोल केसी, भुवन केसी, आँचल शर्मा, जसिता गुरुङ, उषा खड्गीलगायतका कलाकारले अभिनय गरेका छन् । गत असोज ३१ गतेदेखि प्रदर्शनरत उक्त चलचित्रलाई सुयोग गुरुङले निर्देशन गरेका छन् ।

यस्तै, भाइटीकाको अवसर पारेर यही कात्तिक ६ गतेदेखि प्रदर्शनरत चलचित्र 'वरिष्ठ बलराम' ले सोही अवधी (शनिबार बेलुकी) सम्म रु दुई करोड ५६ लाख ५७ हजार ९२९ कमाएको छ । उक्त चलचित्रलाई ८५ हजार ३५६ जना दर्शकले हेरेका छन् । दयाहाङ राई, विजय बराल, समृद्धि अर्याललगायत कलाकारले अभिनय गरेको उक्त चलचित्रलाई सुरेन्द्र पौडेलले निर्देशन गरेका हुन् ।

यस्तै, कात्तिक ६ मै प्रदर्शन भएको चलचित्र 'सोल्टिनी' ले भने अपेक्षा गरिएभन्दा निकै कम कमाइ गरेको छ ।। उक्त चलचित्रलाई आठ हजार ९४५ जना दर्शकले हेर्दा रु २९ लाख पाँच हजार ९५६ मात्र कमाइ गरेको छ ।

प्रकाश सपुत, परीक्षा लिम्बूलगायतका कलाकारले अभिनय गर्नुभएको उक्त चलचित्रलाई अर्जुन सुवेदीले निर्देशन गरेका छन् । निर्देशक सुवेदीले यसअघि निर्देशन गर्नुभएको 'रंगेली' पनि घरेलु बजारमा असफल भएको थियो ।

यसैगरी, 'तक्मे बुढा' को उपनामले परिचित अभिनेता विल्सनविक्रम राईले निर्देशन गरेको 'मैझारो' ले पनि घरेलु बजारमा सफलता प्राप्त गर्न सकेन । अभिनेता राईको पहिलो निर्देशकीय चलचित्र नै असफल हुन पुग्यो । अभिनेता धीरज मगर, मिरुना मगर, दयाहाङ राईलगायतका कलाकारले अभिनय गरेको उक्त चलचित्रले रु एक करोड चार लाख २९ हजार २८८ कमाएको छ । ३५ हजार १७६ जना दर्शकले मात्र उक्त चलचित्रलाई हेरेका थिए ।

यस्तै, गत कात्तिक १४ गतेदेखि प्रदर्शन भएको चलचित्र 'परान' ले दर्शकको राम्रो साथ पाएको छ । वरिष्ठ कलाकार नीर शाह, मदनकृष्ण श्रेष्ठजस्ता दिग्गज अभिनेताले अभिनय गर्नुभएको उक्त चलचित्रमा बुबाछोराको कथालाई देखाइएको छ । दीपकप्रसाद आचार्यले निर्देशन गरेको उक्त चलचित्र दर्शकबाट प्राप्त प्रतिक्रियाकै कारण घरेलु बजारमा राम्रो कमाइ गरिरहेको छ ।

उक्त चलचित्रले तीन रु करोड ७१ लाख ३६ हजार ५५३ कमाइ गरिसकेको छ । एक लाख २८ हजार ६७९ जनाले सो चलचित्र हेरेको र सुरुआती व्यापार कमजोर भए पनि चलचित्रले सकारात्मक प्रतिक्रिया पाउँदा चलचित्र भवनमा दर्शकको चाप बढेको निर्देशक आचार्यले बताए ।

'हाम्रो चलचित्रलाई दर्शकले हेर्न पर्ने भनी सिफारिस गरेको देखेका छौं । बाउछोराको कथालाई धेरै दर्शकले आफ्नै कथाव्यथाका रूपमा लिएका छन् । आफ्नै परिवारको कथालाई चलचित्रमा ढालेर तयार गरेको हुँ । यो कथा अहिले प्रायः घरघरको कथाव्यथाका रूपमा रहेको छ । दर्शकको माया, साथ सहयोग दिनप्रतिदिन बढ्दो छ, अपेक्षा गरिएभन्दा पनि राम्रो प्रतिक्रिया पाएको छु', निर्देशक आचार्यले स्पष्ट गरे ।

उक्त चलचित्रमा केकी अधिकारी, महेश त्रिपाठी, पुजा चन्द, अञ्जना बराइलीलगायतका कलाकारले अभिनय गरेका छन् । यस्तै, गत कात्तिक २१ मा प्रदर्शन भएको दुई चलचित्र 'जारी २ : सङ अफ च्याब्रुङ' र 'मन विनाको धन' लाई दर्शकले प्रारम्भिक दिनमा साथ दिएका छन् । यद्यपि, यी दुईको व्यावसायिक विवरण अझै सार्वजनिक भएको छैन ।

समग्रमा चाडपर्वलाई लक्षित गर्दै प्रदर्शन भएका नेपाली चलचित्रलाई दर्शकले मायाँ गरेको देखिन्छ । पछिल्ला वर्षमा नायक वा नायिकाको भूमिकाभन्दा पनि सामाजिक कथामा आधारित चलचित्रले बजार लिइरहेको देखिन्छ । विदेशी चलचित्रको तुलनामा नेपाली चलचित्रप्रति आकर्षण बढी राम्रो कमाइ गरिरहेको पाइन्छ । यसै सन्दर्भमा घरेलु बजारमा नेपाली चलचित्रले गरिरहेको कमाइले समग्र चलचित्र क्षेत्रलाई नै सकारात्मक सन्देश प्रवाह गरेको वितरक करण श्रेष्ठ बताए । *रासस*

## प्रधानमन्त्री कप क्रिकेट छनोट: कैलपाल विजयी

**बैतडी (प्रस)**– प्रधानमन्त्री कप एकदिवसीय क्रिकेट प्रतियोगिताको बैतडी छनोटअन्तर्गत शुक्रबार भएको खेलमा कैलपाल क्रिकेट क्लब विजयी भएको छ । कैलपालले पाटन एकता समाजलाई ६ विकेटले हराएको हो ।

पाटनले दिएको १३३ रनको लक्ष्य कैलपालले १७ दशमलव ४ ओभरमा ४ विकेटको क्षतिमा पुरा गर्यो । उसका लागि म्यान अफ दी म्याच भएका सन्तोष चन्दले अर्धशतकीय पारी खेले । उनले ५१ रन बनाए । यस्तै प्रदीप चन्दले ४० रनको योगदान दिए । बलिङतर्फ पाटनका किशोर बयानीले ३ विकेट लिए ।

यसअघि दशरथचन्द क्रिकेट मैदान,सुन्दरखालीमा पहिला ब्याटिङ गरेको पाटनले २७ ओभरमा सबै विकेट गुमाएर १३२ रन बनायो । उसका लागि लक्ष्मण कार्कीले सर्वाधिक ३९ रन बनाए । बलिङतर्फ कैलपालका केशव नाथले ३ तथा आकाश चन्द र अमर चन्दले दुई दुई विकेट लिए ।

आगामी मङ्सिर ५ गतेसम्म सञ्चालन हुने उक्त प्रतियोगिताको विजेतालाई रु एक लाख र उपविजेतालाई रु ५० हजार पुरस्कार प्रदान गरिने बैतडी जिल्ला क्रिकेट सङ्घका सचिव सिद्धराज बोकटीले जानकारी दिए ।


## हलेसी तुवाचुङ नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
**दुर्छिम, खोटाङ**
**कोशी प्रदेश, नेपाल**

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**प्रकाशन मितिः २०८२/०७/२९**

